# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक १९ | काठमाडौं | सोमबार, २९ वैशाख २०८२ | Prabhab National Daily | Monday, May 12 , 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


# आगामी बजेट सात सिद्धान्त, २५ प्राथमिकतामा केन्द्रित



■ जेबी योञ्जन

**काठमाडौं–** सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता प्रतिनिधिसभामा पेस गरेको छ । अर्थमन्त्री विष्णु पौडेलले आइतबार आगामी बजेटका सात सिद्धान्त र २५ प्राथमिकता पेस गरेका हुन् । यसबारे प्रतिनिधिसभामा चार दिन छलफल हुने भएको छ ।

अर्थमन्त्री पौडेलले पेस गरेको विनियोजन विधेयकमा मौलिक हक तथा राज्य निर्देशन सिद्धान्तको कार्यान्वयन पहिलो सिद्धान्त हो । समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्न सुदृढ अर्थतन्त्रको निर्माण, विकासमा समन्वय र सहकार्य, सार्वजनिक वित्त सन्तुलन र बजेट अनुशासन र व्यवसायीमैत्री वातावरणको सिर्जना र निजी क्षेत्रको लगानी प्रवर्द्धन बजेटका सिद्धान्त हुन् ।

सामाजिक सुरक्षाको प्रत्याभूति र नागरिकमैत्री सेवा प्रवाह र सुशासनलाई पनि अर्थमन्त्री पौडेलले बजेटका सिद्धान्तमा राखेका छन् । आगामी बजेटका प्राथमिकताहरूको पहिलो नम्बरमै रोजगारी सिर्जना, स्वरोजगार प्रवर्द्धन र गरिबी निवारण छ । देशमा बढ्दो बेरोजगारी समस्या छँदा रोजगारी सिर्जनालाई सरकारले पहिलो प्राथमिकतामा राखेको हो । यसपछि आर्थिक सुधार, कृषि क्षेत्रको व्यावसायीकरण, विद्युत् उत्पादन, प्रसारण र विश्वसनीय वितरण, पर्यटन तथा हवाई पूर्वाधारको विकास र औद्योगिक क्षेत्रको विकास र निकासी प्रवर्द्धन पनि सरकारका प्राथमिकता हुन् ।

डिजिटल पूर्वाधार र डिजिटल अर्थतन्त्रको निर्माण, गुणस्तर र जीवनोपयोगी शिक्षा, गुणस्तरीय स्वास्थ्य सेवा, मानव पुँजी निर्माण, युवा, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक, भौतिक पूर्वाधार तथा आवास विकास, खानेपानी तथा सरसफाइ, भूमि व्यवस्था, जलवायु परिवर्तन र विपद् व्यवस्थापन र सामाजिक न्याय र समावेशी विकास पनि सरकारको प्राथमिकतामा परेको छ । यी सबै अर्थमन्त्री पौडेलले अइतबार संसद् बैठकमा पेस गरेका बजेटका प्राथमिकताहरू हन् ।

क्रमशः पृष्ठ २ मा

## बजेटका सिद्धान्त

१. मौलिक हक तथा राज्य निर्देशन सिद्धान्तको कार्यान्वयन
२. समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्न सुदृढ अर्थतन्त्रको निर्माण
३. विकासमा समन्वय र सहकार्य
४. सार्वजनिक वित्त सन्तुलन र बजेट अनुशासन
५. व्यवसायीमैत्री वातावरणको सिर्जना र निजी क्षेत्रको लगानी प्रवर्द्धन
६. सामाजिक सुरक्षाको प्रत्याभूति
७. नागरिकमैत्री सेवा प्रवाह र सुशासन

## बजेटका प्राथमिकताहरू

१. रोजगारी सिर्जना, स्वरोजगार प्रवर्द्धन र गरिबी निवारण
२. आर्थिक सुधार
३. कृषि क्षेत्रको व्यवसायीकरण
४. विद्युत् उत्पादन, प्रसारण र विश्वसनीय वितरण
५. पर्यटन तथा हवाई पूर्वाधारको विकास
६. औद्योगिक क्षेत्रको विकास र निकासी प्रवर्द्धन
७. डिजिटल पूर्वाधार र डिजिटल अर्थतन्त्रको निर्माण
८. गुणस्तर र जीवनोपयोगी शिक्षा
९. गुणस्तरीय स्वास्थ्य सेवा
१०. मानव पुँजी निर्माण
११. युवा, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक
१२. भौतिक पूर्वाधार तथा आवास विकास
१३. खानेपानी तथा सरसफाइ
१४. भूमि व्यवस्था
१५. जलवायु परिवर्तन र विपद् व्यवस्थापन
१६. सामाजिक न्याय र समावेशी विकास
१७. सामाजिक सुरक्षा
१८. वित्तीय क्षेत्रको सुदृढीकरण
१९. वित्तीय संघीयता कार्यान्वयन
२०. बजेट प्रणालीको सुदृढीकरण
२१. विकास वित्तको विस्तार
२२. राजस्व प्रणालीको सुदृढीकरण
२३. राष्ट्रिय सुरक्षा
२४. अन्तर्राष्ट्रिय सुरक्षा
२५. कानुनी शासन, मानव अधिकार र सुशासन प्रवर्द्धन

# हप्तैपिच्छे फेरिँदै गभर्नरको उम्मेदवार

- ज्ञानेन्द्र ढुंगाना, रवीन्द्र पाण्डे, पूर्वमुख्यसचिव राजेन्द्रकिशोर क्षेत्री, गुणाकर भट्ट हुँदै डा. विश्व पौडेलसम्म
- गभर्नर छनोट समितिबाट दुई जनाको राजीनामा, महाप्रसाद अधिकारीविरूद्ध रिट
- एक महिनाअघि नै छनोट गर्नुपर्ने गभर्नर नहुँदा राष्ट्र बैंक नेतृत्वविहीन




■ प्रभाव संवाददाता

**काठमाडौं–** दुई ठूला दल नेपाली कांग्रेस र नेकपा एमालेको संयुक्त सरकारका नेताहरूबीच सहमति हुन नसक्दा चैत २४ देखि नेपाल राष्ट्र बैंक नेतृत्वविहीन छ । वैशाख सकिनै लाग्दा शीर्ष तहकै नेताहरूले हप्तैपिच्छे गभर्नरका नयाँ–नयाँ उम्मेदवार 'मिडिया ट्रायल'मा ल्याइरहेका छन् ।

चैत ११ गतेको मन्त्रिपरिषद्ले उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलको नेतृत्वमा तीन सदस्यीय गभर्नर छनोट समिति गठन गरेको थियो । उक्त समितिमा पूर्वगभर्नर विजयनाथ भट्टराई र योजना आयोगका पूर्वउपाध्यक्ष डा. विश्व पौडेल थिए । गभर्नर नियुक्तिमा दुई ठूला दलको रस्साकस्सी जारी रहे पनि छनोट समितिको बैठक भने एकपटक पनि बस्न सकेको छैन ।

बरु हप्तैपिच्छे नयाँ–नयाँ उम्मेदवारको नाम ट्रायलमा आइरहेका छन् । जसकारण विजयनाथले यो समिति वैशाख ९ गते नै छाडे । छनोट समितिको सदस्यमा मन्त्रिपरिषद्ले वैशाख १८ गते पूर्वगभर्नर महाप्रसाद अधिकारीलाई नियुक्त गर्ने निर्णय गऱ्यो । यो बेलासम्म गुणाकर भट्ट गभर्नर बन्ने पक्कापक्की थियो ।

कांग्रेसको सिफारिस पाएकाले पनि उनी गभर्नर बन्नेमा ढुक्का थिए । तर उनको राजीनामा राष्ट्र बैंकले स्वीकृत गरिदिएन । कार्यवाहक गभर्नर नीलम ढुंगाना तिम्सिनाले उनको राजीनामा रोकेपछि कांग्रेसले डा. पौडेललाई गभर्नर पदमा सिफारिस गरेको बताइन्छ । जबकि पौडेल आफैं छनोट समितिका सदस्य हुन् । आइतबार दिनभर उनको नाम अबको गभर्नर रूपमा चर्चामा आएसँगै पौडेलले छनोट समितिको सदस्यबाट राजीनामा दिएका छन् ।

## को–को आए चर्चामा ?

सबैभन्दा पहिले गभर्नर बन्ने भन्दै चर्चामा आएको नाम हो ज्ञानेन्द्र ढुंगाना । नबिल बैंकको सिइओबाट चैत १२ गते राजीनामा दिएका उनलाई कांग्रेसको आधिकारिक उम्मेदवार भनियो । त्यतिबेला उनको नाम गभर्नरमा लगभग पक्कापक्कीजस्तै भएको बताइन्थ्यो ।

त्यसपछि रवीन्द्र पाण्डे, पूर्वमुख्यसचिव राजेन्द्रकिशोर क्षेत्रीको नाम गभर्नर बन्ने भन्दै चर्चामा आयो । सरकारले उनीहरूलाई गभर्नरमा ल्याउन उमेर हद नै हटाइदियो । तर ६५ वर्षे उमेर हद हटाइएको मापदण्ड तत्काल कार्यान्वयन नगर्न सर्वोच्चको अल्पकालीन आदेश दिएसँगै गभर्नरको दौडमा रहेका पाण्डे, पूर्वमुख्यसचिव क्षेत्री आउट भए । गभर्नरको मापदण्डमा ३० वर्ष र कार्यकारी प्रमुखबाहेक अन्य पदाधिकारी र सदस्यको हकमा ३५ वर्ष उमेर पूरा भई ६५ वर्ष ननाघेको हुनुपर्ने व्यवस्था छ ।

क्रमशः पृष्ठ २ मा

## को हुन् विश्व पौडेल ?

चितवन-१ बाट २०७९ को निर्वाचनमा कांग्रेस उम्मेदवार बनेका पौडेल राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष हुन् । अहिले उनी काठमाडौं विश्वविद्यालयमा पढाउँछन् । राजनीतिक दलका नेता कार्यकर्ता गभर्नर बन्न पाउँदैनन् । यद्यपि यतिबेला उनले कांग्रेसको क्रियाशील सदस्यता नलिएको भन्दै मिडियाबाजी भने भइरहेको छ । कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महत पनि पौडेलको नाममा एमालेसमेत सहमत रहेको बताउँछन् । 'उहाँको नाममा अब विवाद नहुनुपर्ने हो । एमालेदेखि विपक्षीलेसमेत उहाँलाई मन पराएको सुनिन्छ,' महतले भने । अमेरिकाको युनिभर्सिटी अफ क्यालिफोर्निया, बर्कलेबाट विद्यावारिधि गरेका उनलाई अर्थशास्त्रीका रूपमा मानिँदै आएको छ ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# नौ महिनामा भित्रियो एक खर्ब ९१ अर्ब रेमिट्यान्स

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्षको नौ महिनामा मुलुकमा भित्रिने रेमिटचान्स (विप्रेषण) १० प्रतिशतले बढेको छ । आइतबार नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनमा अघिल्लो वर्षको तुलनामा रेमिटचान्स बढेको छ । यद्यपि, उक्त वृद्धिदर अघिल्लो आवको तुलनामा न्यून हो ।

प्रतिवेदनअनुसार चालु आर्थिक वर्षको साउनदेखि चैतसम्म १एक खर्ब ९१ अर्ब ३१ करोड रूपैयाँ रेमिटचान्स भित्रिएको छ । उक्त विवरणअनुसार रेमिटचान्सबापत गत चैत महिनामामात्रै एक खर्ब ३९ अर्ब ५४ करोड रूपैयाँ भित्रिएको छ ।

अघिल्लो वर्षको सोही अवधिमा १७.२ प्रतिशतले वृद्धि हुँदै १० खर्ब ८२ अर्ब ६५ करोड रूपैयाँ भित्रिएको थियो । अघिल्लो आवको यसै अवधिको तुलनामा यसपटक एक खर्ब आठ अर्ब ६६ करोड रूपैयाँ बढी विप्रेषण मुलुक आएको छ । राष्ट्र बैंकका अनुसार अमेरिकी डलरमा चालु आवको नौ महिनामा भित्रिएको रेमिटचान्स ७.३ प्रतिशतले वृद्धि भइ आठ अर्ब ७४ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह १५.२ प्रतिशतले बढेको थियो ।

समीक्षा अवधिमा संस्थागत र व्यक्तिगत श्रम स्वीकृति लिएर तीन लाख ५८ हजार २२२ जना वैदेशिक रोजगारीमा गएका छन् । सोही अवधिमा पुनः श्रम स्वीकृति लिएर जानेहरू भने दुई लाख ४९ हजार ६५२ जना रहेका छन् । यसर्थ चालु आवको नौ महिनामा कूल छ लाख सात हजार ८७४ जना रोजगारीका लागि विभिन्न मुलुक गएका छन् । अघिल्लो आवको सोही अवधिमा व्यक्तिगत, संस्थागत र पुनः श्रम स्वीकृति लिएर पाँच लाख ३९ हजार ६८ हजार जना रोजगारीमा गएका थिए ।

चालु आवको पहिलो महिना साउनमा एक खर्ब ३६ अर्ब ९३ करोड रूपैयाँ रेमिटचान्स भित्रिएको थियो । भदौमा एक खर्ब २६ अर्ब २१ करोड, असोजमा एक खर्ब ४४ अर्ब १७ करोड, कात्तिकमा एक खर्ब १४ अर्ब ३२ करोड, मंसिरमा एक अर्ब १८ अर्ब ८० करोड, पुसमा एक खर्ब २२ अर्ब ६५ करोड, माघमा एक खर्ब ३७ अर्ब पाँच करोड र फागुनमा एक खर्ब ५१ अर्ब १९ करोड रूपैयाँ रेमिटचान्स भित्रिएको तथ्यांक छ ।

क्रमशः पृष्ठ २ मा

### चालु आवको नौ महिनामा भित्रिएको रेमिट्यान्स

| महिना | रकम |
|---|---|
| साउन | एक खर्ब ३६ अर्ब ९३ करोड |
| भदौ | एक खर्ब २६ अर्ब २१ करोड |
| असोज | एक खर्ब ४४ अर्ब १७ करोड |
| कात्तिक | एक खर्ब १४ अर्ब ३२ करोड |
| मंसिर | १ अर्ब १८ अर्ब ८० करोड |
| पुस | एक खर्ब २२ अर्ब ६५ करोड |
| माघ | एक खर्ब ३७ अर्ब पाँच करोड |
| फागुन | एक खर्ब ५१ अर्ब १९ करोड |
| चैत | एक खर्ब ३९ अर्ब ५४ करोड |

*स्रोतः नेपाल राष्ट्र बैंक*

# भ्रामक सूचनाप्रति मन्त्रालयको ध्यानाकर्षण

**काठमाडौं (प्रस)–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले दक्षिण कोरियामा मौसमी कामदार पठाउनेबारे झूटो विज्ञप्ति प्रकाशित भएको भन्दै गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । गत शुक्रबार मन्त्रालयले विज्ञप्ति निकालेर कोरियामा मौसमी कामदार लैजाने विषयमा कुनै निर्णय नभएको प्रस्ट पारेको हो ।

मन्त्रालयले गत चैत्र २५ गते नेपाल सरकार र कोरिया सरकारबीच मौसमी कामदार पठाउने विषयमा सहमति भएकाले भगिनी सम्बन्ध कायम भएका स्थानीय तहहरूले सम्पर्क गर्नू भन्दै निकालिएको विज्ञप्ति आधिकारिक नभएको जनाएको छ । उक्त विज्ञप्तिमा उल्लेख भएको विषयवस्तुमा मन्त्रालयबाट कुनै आह्वान नभएको जनाइएको छ । साथै, मन्त्रालयको लेटरहेड र छापको दुरूपयोग गरी महाशाखा प्रमुखको कीर्ते हस्ताक्षर गरी भ्रम फैलाइएको भन्दै यस्तो काम गर्ने व्यक्ति वा समूहलाई कारबाही गर्न सम्बन्धित निकायमा पत्राचार गरिएको मन्त्रालयको दाबी छ । यस्ता भ्रामक सूचनाबाट सजग रहन मन्त्रालयले अनुरोधसमेत गरेको छ ।




## पृष्ठ १ बाट क्रमश:

## को-को आए...

यहीबीच अहिलेकी कायममुकायम गभर्नर नीलमको नाम पनि गभर्नर बन्ने चर्चा भयो । यद्यपि उनी एमालेनिकट भन्दै कांग्रेसले आफ्नै निकटकालाई उक्त पदमा ल्याउने कोसिस जारी राख्यो । कांग्रेसले आफ्नो आधिकारिक उम्मेदवार बनायो गुणाकर भट्टलाई । राष्ट्र बैंकको कार्यकारी निर्देशकमा रहेका उनले पदबाट राजीनामा दिए पनि । तर उनको राजीनामा 'होल्ड'मा राखियो । देशको वित्तीय क्षेत्रको नेतृत्व गर्ने राष्ट्रबैंकमा राख्ने मुख्य निकायको प्रमुख ल्याउन सरकारलाई हम्मे परेपछि यसबारे नेपाली कांग्रेसमा चर्कै असन्तुष्टि छायो । कांग्रेस संस्थापनइतरले सभापति शेरबहादुर देउवालाई दबाब दिन थाले । देउवाको चर्को आलोचना हुन थाल्यो । गभर्नर नियुक्तिमा प्रधानमन्त्री ओलीले कांग्रेसलाई फनफनी घुमाएको आरोप उनीमाथि लागेको थियो ।

त्यसपछि वैशाख २३ गते ललितपुरको सानेपास्थित पार्टी कार्यालयमा आयोजित एक कार्यक्रममा देउवाले भने- ओलीजीका कारण गभर्नर नियुक्ति ढिलाइ भएको हैन । उहाँले त कांग्रेसलाई दिन्छु भनिसक्नुभएको छ । यसपछि धेरैले अनुमान गरे- गुणाकर नै अबको गभर्नर बन्ने छन् । तर बिचौलियाहरूको एक समूहले भट्टलाई कांग्रेसले मन पराए पनि एमालेका नेताहरूले मन नपराउने भन्दै ट्रायल चलाए । त्यसपछि भने भट्टको ठाउँमा अहिले डा. पौडेलको नाम आएको छ ।

■■■

## को हुन् ...

उनले गभर्नर छनोट समितिबाट राजीनामा दिएपछि सरकारले फेरि यो समितिमा अर्को सदस्य नियुक्त गर्नुपर्छ । अर्थमन्त्री पौडेलको संयोजकत्वमा रहेको छनोट समिति पूर्ण हुन अझै केही समय लाग्ने देखिन्छ । यो समितिले तिन जनाको नाम मन्त्रिपरिषद्मा सिफारिस गर्नुपर्छ । तीमध्ये एक जनालाई मन्त्रिपरिषद्ले गभर्नरमा नियुक्त गर्छ । यद्यपि, यहीबीचमा निवर्तमान गभर्नर अधिकारीविरुद्ध सर्वोच्च अदालतमा रिट दर्ता भएको छ । छनोट समितिका सदस्यसमेत रहेका अधिकारीविरुद्ध आइतबार दर्ता भएको रिट सर्वोच्चले ३० वैशाखलाई पेसी तोकेको छ । छनोट समितिमा गैरकानुनी तवरले राखेको भन्दै उनीविरुद्ध रिट दर्ता भएको हो । यदि अधिकारी पनि छनोट समितिबाट हटे अर्को हप्ता डा. पौडेलको ठाउँमा अर्को उम्मेदवारको नाम चर्चामा आउन बेर छैन ।

■■■

## आगामी बजेट...

यीबाहेक सामाजिक सुरक्षा, वित्तीय क्षेत्रको सुदृढीकरण, वित्तीय संघीयता कार्यान्वयन, बजेट प्रणालीको सुदृढीकरण, विकास वित्तको विस्तार, राजस्व प्रणालीको सुदृढीकरण, राष्ट्रिय सुरक्षा, अन्तर्राष्ट्रिय सुरक्षा र कानुनी शासन, मानव अधिकार, सुशासन प्रवर्द्धनलाई पनि सरकारले प्राथमिकतामा राखेको अर्थमन्त्री पौडेलले बताए ।

विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्दै उनले पारित गरेको नीति तथा कार्यक्रमअनुरूपको बजेट आउने बताएका छन् । उनले मौलिक हक तथा राज्यका निर्देशक सिद्धान्तको कार्यान्वयन गर्नेगरी बजेट आउने पनि दाबी गरे ।

उनका अनुसार लोक कल्याणकारी राज्यको अवधारणालाई आधार मानेर समावेशी विकास र सामाजिक न्याय कायम गर्दै विकासको लाभमा आमनागरिकको पहुँच सुनिश्चित गर्नेमा विनियोजन विधेयक केन्द्रित हुने छ ।

त्यसका लागि दिगो र तीव्र गतिको विकासका लागि आवश्यक कार्यक्रम तर्जुमा गरिने उनको भनाइ छ । सबल अर्थतन्त्र निर्माण गर्न उत्पादनमुखी विकासको ढाँचा अवलम्बन गर्दै उद्यमशीलता र उत्पादकत्व अभिवृद्धि गर्न नवीनतम् प्रविधिको प्रयोगलाई प्रवर्द्धन गरिने मन्त्री पौडेलले बताए । उनले आर्थिक सम्भाव्यताका उदीयमान क्षेत्रलाई प्रोत्साहन गरिने उल्लेख गरे ।

निजी क्षेत्रमैत्री, प्रतिस्पर्धी र आत्मनिर्भर अर्थतन्त्रको निर्माणमा जोड दिँदै समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा अनुरूप समाजवाद उन्मुख अर्थतन्त्रको आधारशिला तयार गर्नेमा बजेट केन्द्रित हुने बताए ।

सार्वजनिक सेवा प्रवाहमा नागरिकको सहज पहुँचको लागि सूचना प्रविधिको प्रयोग विस्तार गर्ने र राष्ट्रिय परिचयपत्र प्रणालीसँगै नागरिक एपको माध्यमबाट सबै प्रकारका सार्वजनिक सेवा प्रवाहबीच अन्तरआबद्धता बढाउने सरकारको प्राथमिकता हुने उल्लेख छ ।

यस्तै, सरकारले सुक्खायाममा विद्युत्को बढ्दो मागलाई सम्बोधन गर्न जलाशययुक्त जलविद्युत् आयोजनाको निर्माणलाई उच्च प्राथमिकता दिने भएको छ । जलविद्युत् आयोजनामा निजी क्षेत्रको लगानीलाई समेत प्रोत्साहन गर्ने नीति सरकारले लिएको छ । कृषि क्षेत्रलाई आधुनिकीकरण र व्यवसायीकरण गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गर्ने सरकारको लक्ष्य लिएको छ ।

कृषि फार्ममार्फत व्यावसायिक खेती प्रवर्द्धन गर्न विशेष प्रोत्साहन गरिनुका साथै सामूहिक तथा करार खेती प्रणालीलाई सहजीकरण गर्दै युवालाई कृषिमा आकर्षित गर्न नीतिगत व्यवस्था मिलाइने भनिएको छ । रासायनिक मलको सहज आपूर्ति व्यवस्था र प्रांगारिक मलको उत्पादनलाई प्रोत्साहित गरी गुणस्तरीय बीउ तथा प्राविधिक सेवा उपलब्ध हुने व्यवस्था मिलाइने सरकारको योजना छ ।

यस्तै, सरकारले वित्तीय क्षेत्रको सुदृढीकरणका लागि आधा दर्जन बढी नीति बनाएको छ । पीडितले न्याय पाउने गरी सहकारी र लघुवित्त क्षेत्रका समस्याहरूको समाधान गर्ने गरी आगामी बजेट निर्माण गरिने पनि भनिएको छ ।

■■■

## नौ महिनामा ...

उक्त अवधिमा सबैभन्दा बढी फागुनमा र सबैभन्दा कम कात्तिकमा रेमिटचान्स आएको देखिन्छ ।

राष्ट्र बैंकले सार्वजनिक गरेको कूल रेमिटचान्स रकममा वैदेशिक रोजगारीमा गएका नेपालीहरूले वैधानिकरूपमा पठाएको रकममात्र समावेश गरिएको छ । हुण्डीलगायत अन्य अवैधानिक माध्यमबाट भित्रिने गरेको रकम प्रतिवेदनमा समेटिएको छैन । राष्ट्रिय तथ्यांक कार्यालयले गरेको जीवनस्तर सर्वेक्षणको पछिल्लो अध्ययनका अनुसार ७५ प्रतिशत रेमिटचान्समात्र वैधानिक माध्यमबाट भित्रने गरेको छ । यसर्थ रोजगारीमा गएकाहरूले अवैधानिक माध्यमबाट जोखिम मोलेरै पनि अर्बौं रकम पठाउने गरेको अनुमान गर्न सकिन्छ ।

पछिल्लो दशकमा रेमिटचान्सले मुलुकबाट गरिबी न्यूनीकरण गर्नमा ३० प्रतिशत सघाएको तथ्य गत चैत्रमा सार्वजनिक भएको विश्व बैंकको प्रतिवेदनले देखाएको थियो । सरकारी तथ्यांकलाई नै आधार मान्ने हो भने पनि मुलुकको अर्थतन्त्रको २५ प्रतिशत हिस्सा रेमिटचान्सले ओगटेको छ । मुलुकको अर्थतन्त्रको मेरुदण्ड मानिँदै आएको रेमिटचान्स भित्र्याउने वैदेशिक रोजगारीको क्षेत्र भने व्यवस्थित हुन सकेको छैन । हुन त वैदेशिक रोजगारीलाई बेरोजगारी समस्याको दीर्घकालीन समाधन मानिँदैन तर केही दशक वैदेशिक रोजगारीको विकल्प नरहेको जानकारहरूले बताउँदै आएका छन् । यस्तो अवस्थामा यस क्षेत्रको व्यवस्थापनमा राज्यको ध्यान नजाँदा श्रमिकहरू विभिन्न समस्या झेल्दै आएका छन् ।


### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/११/३० मा दर्ता भएको **प्रा.लि. नं. २१०८१५/०७५/०७६** को **होम सर्भिस ट्रेड लिन्क प्रा. लि.** को मिति २०८२/०१/२८ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर: श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगाना: बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७०/११/२६ मा दर्ता भएको **प्रा.लि. नं. १२२३४२/०७०/०७१** को **रेड कोरल ट्राभल्स एण्ड टुर्स प्रा. लि.** को मिति २०८२/०१/२८ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर: श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगाना: बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**


### सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १२ अंक १८ वैशाख २८ गते २०८२ मा प्रकाशित **Radium International Employment Services Pvt.ltd** को Lot No. 323427 को विज्ञापनमा कम्पनीको नाम VERSATILE PROTECTION SDN.BHD. हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

RADIUM INTERNATIONAL EMPLOYMENT SERVICES PVT.LTD
New Baneshwor-31, Kathmandu, Nepal,
Tel: 01-4589492, 4585172, E-mail : info@radiumemployment.com,
Web: https: www.radiumemployment.com
Govt. License No. 968/067/068


नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभागको

**सार्वजनिक सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त तपसिल बमोजिमका Imperial Overseas Pvt.ltd (इ.प.नं. ८१६/०६६/०६७) को सञ्चालक शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरु दा.खा. नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरि दिन यस विभागमा निवेदन दिएको हुँदा माग वमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिँदा कोही कसैको हक स्वामित्व तथा लेनादेनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र सवुद प्रमाण सहित वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

तपसिल

| साविक शेयरधनीको नाम/शेयर संख्या | अब कायम हुने शेयरधनीहरुको नाम/शेयर संख्या |
|---|---|
| १. श्री विद्या लक्ष्मी बज्राचार्य (०१- १२५००) | १. श्री विद्या लक्ष्मी बज्राचार्य (०१- १२५००) |
| २. श्री सरिता पाण्डे (भुसाल) (१२५०१- २५०००) | २. श्री सोम बहादुर तामाङ (१२५०१-२५०००) |
| ३. श्री वीरधन तामाङ (२५००१- ३७५००) | ३. श्री कमाल अली (२५००१- ३७५००) |
| ४. श्री याम प्रसाद भुर्तेल (३७५०१- ५००००) | ४. श्री थुम प्रसाद थापा (३७५०१- ५००००) |

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**पहिलो पटक प्रकाशित मिति: २०८२/०१/२९**

यस कम्पनीको मिति २०८१/१२/१० मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **करियर फोकस इन्टरनेशनल एजुकेशन कन्सल्टेन्सी प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **कान्तिपुर इन्टरनेशनल एजुकेशन कन्सल्टेन्सी ललितपुर प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०१/२१ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **कान्तिपुर इन्टरनेशनल एजुकेशन कन्सल्टेन्सी ललितपुर प्रा.लि.** (प्रा.लि.नं.१८८१४३/७४/७५) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

### युएइमा रोजगार

कम्पनी : **BURJ ALAYAN BUILDING CLEANING SERVICES**

पूर्व स्वीकृति मिति : २०८२/०१/२८ | LT. No. 323652 | चलानी नं. ६०२३७६०४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Workers | 25 | 0 | 800 | २९,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : **MANTAJ SINGH TECHNICAL SERVICES LLC S.O.C**

पूर्व स्वीकृति मिति : २०८२/०१/२८ | LT. No. 323651 | चलानी नं. ६०२३७६०३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 10 | 0 | 800 | २९,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Tile layer | 3 | 0 | 1200 | ४४,५९० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ ५ गते (19th May 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । [illegible] ...(१–७ बुँदाका सूचनाहरू) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**FRONTLINE RECRUITMENT PVT.LTD.**
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647, Mob: 9851100134, 9818819581, 9804705263, Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068

### नेपाल संगीत उद्योग संघ
### बार्षिक साधारण सभासम्बन्धी सूचना

नेपाल संगीत उद्योग संघको २५औं बार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा हुने भएकाले सम्पूर्ण सदस्य महानुभावहरूलाई उपस्थितिका लागी हार्दिक अनुरोध गर्दछौं । साथै, सदस्यता नवीकरण गर्न वा नयाँ सदस्यता लिन चाहनुहुने महानुभावहरूले यही जेष्ठ २१ गतेभित्र गरि/लिइ साधारण सभामा भाग लिनुहुन समेत अनुरोध गर्दछौं ।

**तपशिल:**

**१. साधारण सभामा छलफल गरिने बिषयहरू:**
क) संघको बिधान संशोधन सम्वन्धमा ।
ख) महासचिव र कोषाध्यक्षको बार्षिक प्रतिवेदन पारित गर्ने सम्वन्धमा ।
ग) लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक तोक्ने सम्वन्धमा ।
घ) निर्वाचन कार्यक्रम सम्वन्धमा ।
ङ) विविध सम्वन्धमा ।

**२. साधारण सभाको कार्यक्रम**
क. २०८२ जेष्ठ २५ गते आईतबार
ख. समय: दिउँसो १:०० बजे
ग. स्थान: तमु बौद्ध सेवा समिति नेपाल, अनामनगर, काठमाडौं ।

**जीतबहादुर रावत**
**महासचिव**

### कम्पनीको नाम/स्थान परिर्वतन गरिएको सूचना

**तेस्रो पटक प्रकाशित मिति: २०८२/०१/२९**

यस कम्पनीको मिति २०८२/०१/०२ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **भिमेश्वर स्लेट ढुङ्गा रिसर्च** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **गौरीशंकर स्पोट्स** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०१/२३ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **गौरीशंकर स्पोट्स** (**प्रा.लि.नं.३१३७७६**) र साविकको ठेगाना: **दोलखा, गौरीशंकर गाउँपालिका-८**, संशोधित ठेगाना: **काठमाडौं, बूढानिलकण्ठ नगरपालिका-१२**, कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

### काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

प्रथम पटक प्रकाशन मिति २०८२/०१/२९ गते

श्री अम्बिकेश्वरी सामुदायिक वन उपभोक्ता समूह, शान्तिनगर गा.पा. वडा नं. २, अमुवा, दाङको वनबाट उत्पादन भई शान्तिनगर गा.पा.-२, अमुवा, दाङको घाट्गद्दीमा लट बनाई राखिएको साल जातको गोलिया काठ थान ६२३ को ४३२६.४६ घ.फि. र साल जातको दाउरा १०.५ चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनि प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २२ औं दिन भित्र र सो दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै भोलि पल्ट प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री अम्बिकेश्वरी सामुदायिक वन उपभोक्ता समूह**
**शान्तिनगर गा.पा.-२, अमुवा, दाङ**

नेपाल सरकार
भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भुमि व्यवस्थापन तथा अभिलेख विभाग
**भुमि सुधार तथा मालपोत कार्यालय**
सर्लाही, मलंगवा
मोही फाँट

**३५ दिने सार्वजनिक सूचना**

सती साविक गा.वि.स. मानपुर वार्ड नं. ६ हाल बसबरीया गा.पा. वार्ड नं. १ मा बस्ने मुलुकलाल राय यादव नाउको हकदावी गर्न आउने बारेको सूचना ।

उपरोक्त सम्बन्धमा जि. सलाही साविक गा.वि.स. मानपुर वार्ड नं. ६ हाल बसबरीया गा.पा.वार्ड नं. १ मा बस्न बस्ने राजकली देवी, दयाराम चौधरी र गणेश राय यादव को नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गाको मोही महलमा जि.सलाही साविक गा.वि.स. मानपुर वार्ड नं.६ हाल बसवरीया गा.पा. वार्ड नं. १ मा वस्ने मुलुकलाल राय यादव को नाम उल्लेख रहेकोमा जग्गा धनीको भगुवा मोही लगत कट्टा गरि पाउँ भन्ने निवेदनमा कार्यालयबाट मिति २०८२/१/३ गतेमा भएको आदेशानुसार मोही हकदावी सम्बन्धी ३५ दिने सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको वारेस प्रमाण सहित पठाउनु होला । नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम भगुवा मोही लगत कट्टा तर्फको कार्यवाही भै जाने यसै सूचनाद्वारा जानकारी गराईन्छ । पछि तपाईंको उजुर बाजुर लाग्ने छैन ।

**तपसिल:-**

| जिल्ला | गा.वि.स. | वार्ड नं. | कि.नं. | ज.वि. | ज.ध. | मोही |
|---|---|---|---|---|---|---|
| सर्लाही | मानपुर | ६ | ५५२ | ०-०-१० | राजकली देवी | मुलुक राम यादव |
| सर्लाही | मानपुर | ६ | ४०६ | ०-१-० | राजकली देवी | |
| सर्लाही | मानपुर | ६ | ४४६ | ०-१-० | दयाराम चौधरी | |
| सर्लाही | मानपुर | ६ | ५५१ | ०-१-० | गणेश राय यादव | |


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

सोमबार, २९ वैशाख, २०८२

**मेष** सामाजिक जिम्मेवारी उपलब्ध हुनेछ ।
**वृष** सानोतिनो समस्याले अल्भाउन सक्छ ।
**मिथुन** प्रियजनसँग रमाइलो भेटघाट हुनेछ ।
**कर्कट** मिहिनेत गर्दा आम्दानीको स्रोत फेला पर्ला ।
**सिंह** काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ ।
**कन्या** विवादास्पद कामको जिम्मेवारी आउनेछ ।
**तुला** सोचेको उपलब्धि तत्काल प्राप्त नहुने ।
**वृश्चिक** सम्भावना देखिए पनि समयमा काम नहुने।
**धनु** कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ।
**मकर** नयाँ कामको अवसर प्राप्त हुनसक्छ ।
**कुम्भ** सुखद समाचारले उत्साह जगाउनेछ ।
**मीन** रोकिएका काम सम्पादन हुनेछ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२९ वैशाख, २०८२ (१२, मे २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३६.३० | १३६.९० |
| युरो | १ को | १५३.३९ | १५४.०७ |
| पाउन्ड स्टिर्लङ | १ को | १८०.९७ | १८१.७७ |
| स्विस फ्रैन्क | १ को | १६४.०९ | १६४.८१ |
| अस्ट्रेलियन डलर | १ को | ८७.२७ | ८७.६६ |
| क्यानाडियन डलर | १ को | ९७.९४ | ९८.३८ |
| सिङ्गापुर डलर | १ को | १०५.०५ | १०५.५१ |
| जापानी येन | १० को | ९.३९ | ९.४३ |
| चिनियाँ युआन | १ को | १८.८२ | १८.९१ |
| साउदी अरब रियाल | १ को | ३६.३४ | ३६.५० |
| कतारी रियाल | १ को | ३७.३९ | ३७.५६ |
| थाई भाट | १ को | ४.१३ | ४.१५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.११ | ३७.२७ |
| मलेसियन रिङ्गेट | १ को | ३१.७२ | ३१.८६ |
| दक्षिण कोरियन वन | १०० को | ९.७४ | ९.७८ |
| स्विडिस क्रोनर | १ को | १४.०५ | १४.११ |
| डेनिस क्रोनर | १ को | २०.५६ | २०.६५ |
| हङकङ डलर | १ को | १७.५२ | १७.६० |
| कुवेती दिनार | १ को | ४४४.३५ | ४४६.३१ |
| बहराइन दिनार | १ को | ३६१.५२ | ३६३.११ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरुले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# भक्तपुर क्यान्सर अस्पतालमा बालचिकित्सा सघन एकाइ सञ्चालन

**काठमाडौं (प्रस)**– स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले भक्तपुर क्यान्सर अस्पताललाई उपचारमा नमूना बनाउँदै विदेश उपचार गर्न जानेको संख्या घटाउने लक्ष्यसहित बालचिकित्सा सघन एकाइ सुरुआत गरिएको बताएका छन् ।

भक्तपुर क्यान्सर अस्पतालमा क्यान्सरपीडित बालबालिकाको विशेष उपचारका लागि बालचिकित्सा सघन एकाइको आइतबार उद्घाटन गर्दै उनले भारतलगायत विदेशमा उपचारका लागि जानेको संख्या घटाउन अस्पतालका सुविधा विस्तार गर्दै लगिएको बताए । उनले स्वदेशमा सहज सेवा पाउने वातावरण तयार गरिने प्रतिबद्धता जनाए ।



मन्त्री पौडेलले यसअघि बाल क्यान्सर उपचार निःशुल्क कार्यान्वयन गर्ने निर्णय गरेपछि वैशाखभरि सघन एकाइ सञ्चालनको तयारी गरिएको थियो । सोही निर्णय कार्यान्वयन गर्दै बालबालिकाको उपचारका लागि बालचिकित्सा सघन एकाइको सुरुआत गरिएको मन्त्रालयले जनाएको छ ।

मन्त्री पौडेलले बाल क्यान्सर उपचार निःशुल्क गराउँदा राज्यलाई थप भार नपर्ने गरी आन्तरिक स्रोतबाट व्यवस्थापन गरिएको जनाउँदै सकेसम्म थप दायित्व नपर्ने गरी विभिन्न किसिमका उपचार सेवा सुधार र विस्तार गर्दै जाने उल्लेख गरे । 'हामीसँग आर्थिक अभाव छ, यसलाई मध्यनजर गर्दै अधिकतम स्रोतको उपयोग गरेर नागरिकलाई सहज र सर्वसुलभ सेवा प्रदान गरिरहेका छौं,' उनले भने ।

आफूले गरेको पहिलो निर्णय क्यान्सर नियन्त्रण रणनीति स्वीकृत रहेको जनाउँदै स्वास्थ्यमन्त्रीले क्यान्सर उपचारलाई सहज, पहुँचयोग्य र सुलभ बनाउन यथासम्भव काम गरिने बताए । आगामी आर्थिक वर्षमा क्यान्सर नियन्त्रणलाई प्राथमिकतामा राखेर बजेट विनियोजन गरिने उनले जानकारी दिए ।

एकाइमा बालबालिकाका लागि आइसियूका चार, दिवा हेरचाह चार र साधारण शयचा सात रहेका अस्पतालका निमित्त कार्यकारी निर्देशक डा. उज्ज्वल चालिसेले जानकारी दिए । अस्पतालमा सेवा विस्तार तथा स्तरोन्नतिका लागि मन्त्री पौडेलले प्राथमिकता दिएर योजना अघि बढाइएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

# आवासीय चिकित्सकसँगको समझदारीअनुसार कार्यदल गठन

■ प्रभाव संवाददाता

**काठमाडौं**– आवासीय चिकित्सकसँग भएका समझदारी कार्यान्वयनका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले एक कार्यदल गठन गरेका छन् । गत वैशाख २० गते मन्त्री पौडेलको उपस्थितीमा आवासीय चिकित्सकको सेवा सुविधा तय गर्नका लागि भएको समझदारीअनुसार आवासीय चिकित्सकको डचुटी आवर, बिदा तथा अतिरिक्त सुविधालगायतका विषयमा सुझाव दिन कार्यदल गठान गर्ने सहमति भएको थियो ।

सोहीअनुसार सुझाव दिनका लागि भन्दै मन्त्री पौडेलले स्वास्थ्य सेवा विभागका महानिर्देशक डा. टंक बारकोटीको संयोकजत्वमा कार्य दल गठन गरेका हुन् । गठित समितिका सदस्यमा चिकित्सा शिक्षा आयोगका योजना समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशक प्रा.डा. सुजनबाबु मरहट्टा, त्रिवि चिकित्साशास्त्र अध्ययन संस्थानका डिन प्रा.डा. मोहन शर्मा, मन्त्रालयको नीति, योजना तथा अनुगमन महाशाखा प्रमुख डा. कृष्णप्रसाद पौडेल छन् ।

यसैगरी, मन्त्रालयको प्रशासन महाशाखा प्रमुख सहसचिव ऋषिराज आचार्य, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानका रेक्टर प्रा.डा. लोचन कार्की, काठमाडौं विश्वविद्यालयका डिन प्रा.डा. मनोज हुमागाईं, निजी मेडिकल कलेजका तर्फबाट डा. सुमेश मिश्र सदस्य तथा मन्त्रालयकी अधिकृत डा. सुनिता लम्साल सदस्यसचिव छन् ।

कार्यदललाई आवासीय चिकित्सकको बिदा, डचुटी आवर तथा अतिरिक्त सुविधालगायतका विषयमा वर्तमान अवस्था मूल्यांकन गर्ने कार्यादेश दिइएको छ । यसैगरी, यससम्बन्धमा अन्तर्राष्ट्रिय अभ्यासहरूसँग तुलना गर्न र सुधारका लागि कार्यान्वयनयोग्य सिफारिसहरू तयार पार्न कार्य दललाई कार्यादेश दिइएको छ ।

कार्यदललाई दुई साताभित्र प्रतिवेदन मन्त्रालयलाई दिन भनिएको मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले जानकारी दिए । 'आवासीय चिकित्सकसँग मन्त्रालयले गरेको सम्झौता कार्यान्वयन गर्न कार्यदलको प्रतिवेदन महत्त्वपूर्ण हुने अपेक्षा गरेका छौं,' प्रवक्ता बुढाथोकीले भने ।

# डोटी भूकम्पको क्षति आकलन गर्न सम्झौता

**काठमाडौं (प्रस)**– राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले पश्चिम नेपालका भूकम्पबाट प्रभावित जिल्लाहरूमा विस्तृत क्षति आकलनको काममा तीव्रता दिएको छ ।

विभिन्न निकायसँग सम्झौता गरी काम अघि बढाइएको प्राधिकरणका प्रवक्ता, उपसचिव रामबहादुर केसीले जानकारी दिए । आफूसहितको टोली हाल क्षति आकलनकै सिलसिलामा पश्चिम नेपाल खटिएको उनले बताए । त्यसक्रममा आइतबार डोटी भूकम्पबाट क्षतिग्रस्त निजी आवासको क्षति आकलनका लागि प्राधिकरण र सुदूरपश्चिम विश्वविद्यालयबीच सम्झौता भएको छ । प्राधिकरणका कार्यकारी प्रमुख इञ्जिनियर दिनेश भट्ट र विश्वविद्यालयको इञ्जिनियरिङ विभागका डिन प्रा.डा. किसनदत्त भट्टले सम्झौतापत्रमा हस्ताक्षर गरेको केसीले जानकारी दिए ।

उनका अनुसार २०७९ कात्तिक २२ गते डोटी केन्द्रविन्दु भएर ६.६ म्याग्नेच्युटको भूकम्प गएको थियो । त्यसबाट क्षति भएका डोटी, अछाम, बाजुरा, बझाङ र डडेल्धुरामा बाँकी १३ हजार ५७६ परिवारका निजी घरको क्षति आकलनका लागि विश्वविद्यालयले ३१ जना इञ्जिनियर खटाउनेछ । यसअघि, गत चैत ३१ गते जाजरकोट भूकम्पबाट क्षतिग्रस्त निजी आवासको विस्तृत क्षति आकलनका लागि प्राधिकरण र मध्यपश्चिम विश्वविद्यालयबीच सम्झौता भएको थियो ।

जाजरकोट भूकम्पबाट क्षतिग्रस्त निजी आवासमध्ये विस्तृत क्षति आकलन गर्न बाँकी करिब २८ हजार घर छन् । क्षति मूल्यांकन गर्न प्राधिकरणको आर्थिक तथा प्राविधिक सहयोग एवं मध्यपश्चिम विश्वविद्यालयको सहजीकरणमा छनोट भएका ८५ जना इन्जिनियरलाई तालिम तथा अभिमुखीकरण सुरु भएको छ । त्यहाँ ११८ जना फिल्डमा खटिरहेका छन् ।

कर्णाली प्रदेशमा सोमबारसम्म हुने दुईदिने तालिमपछि प्राविधिकहरू क्षति आकलन गर्न बाँकी जाजरकोट र रुकुम (पश्चिम) का पालिकामा खटिने प्राधिकरणले जनाएको छ । त्यसअघि, विस्तृत क्षति आकलनका लागि प्राधिकरण र पुल्चोक इञ्जिनियरिङ क्याम्पसबीच सम्झौता भई तोकिएको क्षेत्रमा क्षति आकलनको काम सम्पन्न गरिएको थियो ।

# निजामती विधेयकमा 'कुलिङ पिरियड' दुई वर्ष राख्नुपर्नेमा सांसदहरूको जोड

**काठमाडौं (प्रस)**– राज्य व्यवस्था समितिका सदस्यले निजामती विधेयकमा 'कुलिङ पिरियड' दुई वर्ष राख्नुपर्नेमा जोड दिएका छन् । समितिको आइतबारको बैठकमा उनीहरूले विधेयकमा निजामती कर्मचारी वा अन्य सरकारी सेवाबाट अवकाश भएको मितिले दुई वर्ष पूरा नभई कुनै पनि संवैधानिक वा अन्य सार्वजनिक पदमा नियुक्त नपाउने व्यवस्था हुनुपर्नेमा जोड दिएका हुन् ।

बैठकमा गृहमन्त्री रमेश लेखकले 'संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०' लाई समितिले पारित गर्नुपर्नेमा जोड दिए । बैठकमा सो विधेयकको अन्तिम मस्यौदा प्रतिवेदनमाथिको छलफलमा उनले भने, 'विधेयकमा अब उमेरको हदबन्दी र कुलिङ पिरियडको विषयमा पनि तपाईहरूले सहमति गर्नुपर्छ, किनभने हामीले विगतलाई हेर्ने हो भने सहमतिमा नै निर्णय गरेका छौं ।'

नेकपा माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेले सो व्यवस्थालाई कम्तीमा दुई वर्ष राख्नुपर्नेमा जोड दिए । समितिका सदस्य पदम पगरीले विधेयकमा अन्तर प्रदेश सरकारको व्यवस्था गर्नुपर्ने धारणा राखे । त्यसैगरी सांसद बुद्धिमान तामाङले विधेयकमा कर्मचारी ट्रेड युनियन खोल्न पाउने व्यवस्था राख्न नहुनेमा जोड दिए ।

समितिका अर्का सदस्य चित्रबहादुर केसीले आफ्नो कार्यालय समयभन्दा बाहेकको समयमा अध्यापन गराउन पाउनुपर्ने व्यवस्था गर्नुपर्ने धारणा व्यक्त गरे । विधेयकमा 'उमेर हदको सवालमा ऐन प्रारम्भ भएको आर्थिक वर्षमा ५८ वर्ष, दोस्रो आर्थिक वर्षको छ महिनासम्म ५८ वर्ष छ महिना, सो भन्दामाथिको अवधि समाप्त भएपछिको एक वर्षसम्म ५९ वर्ष छ महिना र त्यसभन्दा माथिको सबै अवधि समाप्त भएपछिको छ महिनासम्ममा ६० वर्ष' को व्यवस्था गरिएको छ ।


## युएइमा रोजगार

कम्पनी : Isam Kabbani And Partners For Constructions And Maintenance Co. L.L.C. Dubai Branch

पूर्व स्वीकृति मिति : २०८२/०१/२५ | LT. No. 323323 | चलानी नं. ६०२३७३७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 100 | 0 | 900 | ३३,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ ५ गते (19th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Indigo Overseas Pvt. Ltd.**
Samakhushi, Kathmandu, Nepal Tel : +977-1-4387787 / 6201955, Mobile No.9840806449, 9823025516
E-mail : indigo.pukar@gmail.com, indigo.recp@gmail.com, Website : www.ioplneoal.com



## साउदीमा रोजगार

कम्पनी : High Restaurant Catering Establishment

पूर्व स्वीकृति मिति : २०८२/०१/२८ | LT. No. 323521 | चलानी नं. ६०२३७५८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1000 | ३६,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ ५ गते (19th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १३८/०५५/०५६

**Lucky Overseas Pvt. Ltd.**
Dhobighat-3, Ringroad, Lalitpur, Nepal, 01–5153055 / 01–5153033
Email: luckyoverseas1998@gmail.com | overseaslucky@gmail.com, Website: www.luckyoverseas.com


## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **Best IT Price Dot Com Pvt Ltd** कम्पनीले CHINA बाट पैठारी गरेको दोहायको मालबस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

| सि.नं. | मालबस्तुको विवरण | मोडल | ब्राण्ड | उत्पात्तिको मुलुक राष्ट्र | ईकाई | प्रति ईकाई अधिकतम खुद्रा बिक्री मूल्य (MRP) |
|---|---|---|---|---|---|---|
| 1 | AC Elista | EL-SAC12-3INVIHC | ELISTA | CHINA | PCS | 71000 |

बिक्रेताको फर्मको नाम : **Best IT Price Dot Com Pvt Ltd**
ठेगाना : **Newroad-22, Kathmandu, Nepal**
स्थायी लेखा नं : **601098192**
इ-मेल : **bestitprice@gmail.com**

## हाइड्रो इम्पाएर प्रा.लि.को सरोकारवाला शेयरधनीहरुको जानकारीको लागि प्रकाशित गरिएको सूचना

(प्रकाशित मितिः २०८२/०१/२९)

यस हाइड्रो इम्पाएर प्रा.लि.को जगेडामा रहेको प्रति शेयर रु. १००/- को दरका सम्पुर्ण शेयरहरु कम्पनीको व्यवसाय विस्तारको लागि जरुरी भएकोले उक्त शेयरहरु खरिद विक्रि गर्नको निमित्त प्रा.लि.का संचालक तथा शेयरधनीहरुसंग व्यापक छलफल गरि प्रा.लि.मा हाल कायम भएको शेयरधनीलाई ३५ दिन भित्र पहिलो प्राथमिकताको आधारमा निजहरुले लिएको शेयरको प्रतिशतको अनूपातमा शेयर खरिद गर्न आव्हान गरिन्छ, जगेडाको शेयर खरिद गर्न इच्छुक शेयरधनीले तोकिएको म्याद भित्र आफूले लिएको शेयर प्रतिशतको आधारमा हुने रकम प्रा.लि. को बैंक खातामा जम्मा गरी जम्मा गरेको भौचर प्रा.लि.को लेखा शाखामा बुझाउन हुन अनुरोध गरिन्छ । यदि हाल कायम रहेका शेयरधनीले आफ्नो शेयरको प्रतिशतको आधारमा जगेडामा रहेको शेयर खरिद नगरेमा खरिद नगर्ने शेयरधनी वाहेक खरिद गर्ने शेयरधनीलाई पहिलो प्राथमिकता दिने, प्राथमिकता दिएको शेयरधनीले समेत खरिद नगरेमा अन्य व्यक्ति र कानुनी निकायलाई समेत शेयर विक्रि गर्न सक्ने गरी मिति २०८२।०१।२४ गतेको संचालक समितिको बैठकबाट निर्णय भएकोले सोही बमोजिम गर्न गराउन सरोकारवाला शेयरधनीहरुलाई जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

आज्ञाले
प्रमुख कार्यकारी अधिकृत

## कनकाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**जामुनबारी, झापा**

## अन्लाइन शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/०१/२९**

यस नगरपालिकाको तपशिल बमोजिमको खरिद कार्य गर्नका लागि शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ । बिस्तृत सूचना, सर्तहरु तथा शिलबन्दी दरभाउपत्र फारम वेबसाइट www.bolpatra.gov.np/egp मा राखिएको छ । शिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मिति २०८२/०२/१३ मध्यान्ह १२ बजे भित्र तथा शिलबन्दी दरभाउपत्र खुल्ने मिति २०८२/०२/०३ दिउँसो १२:३० बजे ।

| सि.नं. | शिलबन्दी दरभाउपत्रको बिबरण | बिडबन्ड रकम | फारम दस्तुर |
|---|---|---|---|
| १ | Sanitary Pad Kharid (Kanakai/SQ/Goods/9/2081-82) | रू ५०,०००।०० | रू १,००० |

## Division Forest Office, Rapti
**Manahari, Makawanpur**

### Notice of Technical Bid Approval

**Date of Publication: May 12,2025**

As per our Bid Invitation Notice for Construction of Sub Division Building, Manahari **IFB No: MOFE/DFORAPTI/WORKS/NCB/02/2081/082** Published in **https://bolpatra.gov.np/egp/** " on March 30, 2025, Submission of Bids up to May 5, 2025; 12:00, their subsequent technical bid evaluation, this is to notify to all the bidders who submitted their technical bids that the following Responsive Bidders are selected for opening in financial proposal/ bid. This notice has been published pursuant to Clause 27 (2) and (3) of Public Procurement Act 2063 for purpose of Clause 47 of same Act, any bidders who disagrees with the decision, can give application for review within 7 days starting from the date of publication of this notice. The financial proposal/bid will be opened at **13:00 o'clock on 19th May 2025** at same office.

| Substantially Responsive Bidders on Technical Bids |
|---|
| 1. Shree Nawa Durga Nirman Sewa, Janakpurdham-16, Dhanusha, |
| 2. Raj Construction, Rabiopi-01, Kavre, |
| 3. MAMATA/N.S. JV, Triyuga-07, Udaypur |
| 4. Nidhyana-Shaswat J/V, Hetauda-11 |
| 5. Prayash construction pvt.ltd , Sitapaila,kathmandu,Nepal |
| 6. Prayash Solution and Builders Pvt. Ltd., Sinamanagal-09, Kathmandu, Nepal |
| 7. Subhaprabhat-Satgun JV, Hetauda-8,Kamane, Makawanpur |
| 8. J.S.S engineering services private limited, KMC-30,kathmandu |
| 9. Todays Builders, Pokhara-08,Kaski, |


## कतारमा रोजगार

कम्पनी : Serena Cleaning Hospitality And Contracting W.L.L

पूर्व स्वीकृति मिति : २०८१/०९/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/२८ | LT. No. 315640 | चलानी नं. ६०२३०११९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 3 | 0 | 1000 | ३७,४८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Finishing Carpenter | 1 | 0 | 1100 | ४१,२३५ | | | | | | | |
| 3 | Foreman | 6 | 0 | 2500 | ९३,७१५ | | | | | | | |
| 4 | Gen. Clean. Worker | 1 | 3 | 1000 | ३७,४८५ | | | | | | | |
| 5 | Gen.clean.worker | 1 | 0 | 1000 | ३७,४८५ | | | | | | | |
| 6 | representative | 1 | 0 | 2200 | ८२,४७० | | | | | | | |
| 7 | Supervisor | 1 | 1 | 2500 | ९३,७१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ ५ गते (19th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Ganapati Overseas Pvt.Ltd.**
Sinamangal -9 Kathmandu, Tel: 01-411082, 9808865846, 9843757032
Email: career.ganapati@gmail.com
श्रम ईजाजत नं. २५८/०५८/०५९



## युएइमा रोजगार

कम्पनी : Pivot Engineering & General Contracting Company W L L

पूर्व स्वीकृति मिति : २०८२/०१/२८ | LT. No. 323626 | चलानी नं. ६०२३७५८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 25 | 0 | 1200 | ४४,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician | 25 | 0 | 1200 | ४४,५९० | | | | | | | |
| 3 | Labour | 50 | 0 | 1000 | ३७,१५५ | | | | | | | |
| 4 | Mason /tile /block /plaster/brick/concrete | 50 | 0 | 1200 | ४४,५९० | | | | | | | |
| 5 | Plumber | 25 | 0 | 1200 | ४४,५९० | | | | | | | |
| 6 | Steel Fixer | 25 | 0 | 1200 | ४४,५९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: का.म.न.पा-३, AKH Training Center मा मिति: २०८२ जेठ ५ गते (19th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं ११९/०५५/०५६

**ASIA LINK SERVICES PVT. LTD.**
Bansbari, Kathmandu, Nepal, Tel: +977-01-5903260, Phone No : 985-1116133, 9851330547, 9851330557, E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com



## जापानमा रोजगार

कम्पनी : ACCUMULATION COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८२/०१/२४ | LT. No. 323398 | चलानी नं. ६०२३७५७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction | 3 | 0 | 187303 | १७६,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : ASIA CREATION COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८२/०१/२६ | LT. No. 323627 | चलानी नं. ६०२३७५७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding | 3 | 0 | 180000 | १६९,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निम्ति सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः निःशुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

नोटः वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ ५ गते (19th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

423/060/061

**MANJUSHREE OVERSEAS SERVICE PVT. LTD.**
Baluwatar, Kathmandu,Nepal, Tel: 01-4546052,
Email : info@manjushreeoverseas.com.np,Web: www.manjushreeoverseas.com.np

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## संसद्मा प्रधानमन्त्रीको असुहाउँदो प्रस्तुति

**आइतबार प्रतिनिधिसभामा सांसदहरूले सरकारले ल्याएको नीति तथा कार्यक्रममाथि प्रश्न गरे । कसैले कर्णालीको विकासबारे सोधे, कसैले भ्यु टावर बनाएकोबारे । कोही सांसदले पुराना कार्यक्रमलाई निरन्तरता नदिएकोमा गुनासो गरे । कसैले नयाँ कार्यक्रम खोजे । मुलुकलाई 'ग्रे लिस्ट'बाट कसरी बाहिर ल्याउने भन्दै कार्ययोजना मागे । समावेशी कार्यक्रमहरू नआएकोमा गुनासो गरे । व्यवस्थाप्रति र सुशासनप्रति प्रश्न गरे ।**

**सदनप्रति प्रधानमन्त्री जवाफदेही हुनुपर्छ । त्यसैले प्रधानमन्त्री केपी शर्मा ओलीले आइतबार नै यी प्रश्नको जवाफ फर्काए । तर रुखो शैलीमा, कसैलाई मजाकको शैलीमा त कसैलाई हेपाहा पारामा । लगभग कुनै बेलाको मास्टरी पारा देखाउँदै ओलीले सांसदहरूलाई जवाफको साटो पाठ सिकाउन भ्याए । महिला सांसदहरूलाई समावेशी कार्यक्रम खोजेको भन्दै ओलीले गिज्याउन भ्याए । नयाँ सांसदहरूले ठूलो स्वर गरेको र आइन्दा अब यसरी नबोल्न उपदेश दिए ।**

**हुम्ला सदरमुकाममा सडक पुग्ने भाषण ओलीले धेरै अघिबाट गरेका थिए । आइतबार पनि ओलीले चाँडै यहाँ सडक जोडिने दाबी गरे । आफूले कर्णालीका मार्सी चामल खाएको भन्दै कटाक्ष गर्न भ्याए । प्रधानमन्त्री ओलीले राप्रपाकी सांसद बिना तामाङलाई रुवीभ्यालीबारे पाठ पढाउन भ्याए । बिनाले रुवीभ्यालीमा प्रधानमन्त्री पुगेको बेला विकासका गफ दिएको तर त्यो पूरा नभएको बताएकी थिइन् । जवाफमा ओलीले आफू पुग्दैमा झिलीमिली भइनहाल्ने भन्दै व्यंग्य कसे ।**

**रास्वपा सांसद विनिता कठायतलाई भर्खरै भर्खरै संसद्मा आएर ठूलो स्वर गरेको भन्न भ्याए । ग्रे लिस्टबाट कसरी उम्कने भन्ने प्रश्नमा माओवादीमाथि खनिए । जबकि माओवादीका अध्यक्ष पुष्पकमल दाहालको नेतृत्वमा एमाले नै दुईपटक सरकारमा थियो । पुराना कार्यक्रमले निरन्तरता नपाएको गुनासोमा प्रधानमन्त्री ओलीको जवाफ रुखो थियो । कोर्स करेक्सनमा अर्को दलको सरकारले ल्याएको कार्यक्रम हटाउन सक्ने ओलीको तर्क थियो ।**

**ओलीले कतिपय सांसदलाई नीति तथा कार्यक्रम पूरा पढ्नसमेत सुझाए । यसरी नै ओलीले आइतबारको संसद् बैठकमा सोधिएका प्रश्नको जवाफभन्दा पनि खिसी गर्ने, मजाक गर्ने शैलीमा प्रस्तुत भए । सांसदहरूले योजना माग्दा आफ्नो सरकारले गरेको प्रगति विवरण सुनाए । सदन जनताको प्रतिनिधिको हो । यहाँ जनताबाट चुनिएर आएका माननीय छन् । उनीहरूप्रति प्रधानमन्त्री जवाफदेही हुनुपर्छ । तर आइतबार ओलीको शैली मास्टरी थियो, त्यो पनि परम्परागत शैलीको मास्टरको । यो पटक्कै सुहाएन । प्रधानमन्त्रीको यो प्रवृत्ति फेरि नदोहोरियोस् ।**

श्रम सरोकार

### वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि आवश्यक जानकारी

- वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएरमात्र जानुपर्दछ ।
- सरकारले खुला गरेका मुलुकहरूबाहेक वैदेशिक रोजगारका लागि जान नहुने देशहरू विभागको वेबसाइटमा हेर्न सकिन्छ ।
- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारमा जान पाइँदैन । खाडी मुलुकमा जान महिला घरेलु कमदारको हकमा २४ वर्ष उमेर पूरा भएको हुनुपर्दछ ।
- श्रम स्वीकृति लिएर व्यक्तिगतरूपमा पनि वैदेशिक रोजगारमा जान सकिन्छ ।
- वैदेशिक रोजगारमा जानुअघि कम्तीमा १० लाख रूपैयाँ बराबरको बिमा गराउनुपर्दछ ।
- सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गराएर मात्र जानुपर्दछ ।
- वैदेशिक रोजगारमा प्रस्थान गर्नुअघि पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्दछ । महिला कामदारले अभिमुखीकरण तालिमका लागि तिरेको रकम वैदेशिक रोजगार बोर्डबाट सोधभर्ना पाइन्छ ।
- वैदेशिक रोजगारमा जान रोजगारदाता र पठाउने कम्पनीसँग करार गर्नुपर्दछ ।
- श्रम स्वीकृतिका लागि करार अवधि तीन वर्षसम्मको भएमा एक हजार ५०० रूपैयाँ र तीन वर्षभन्दा बढीको भएमा दुई हजार ५०० रूपैयाँ कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ ।
- विभागले तोकेबमोजिम सीपको तालिम लिई सोको प्रमाणपत्र पेस गर्नुपर्दछ ।
- वैदेशिक रोजगारमा जाँदा स्वदेशी विमानस्थलको प्रयोग गर्नुपर्दछ ।
- म्यानपावर कम्पनीलाई तिरेको पैसाको रसिद लिनुपर्दछ ।
- सम्झौताबमोजिम रोजगार उपलब्ध नगराएमा कामदार वा निजको आफन्तले विभागसमक्ष क्षतिपूर्तिका लागि उजुरी दिन सक्ने छ ।
- कामदारले आर्जन गरेको रकम बैंक वा इजाजत प्राप्त बैंकिङ सेवा प्रदान गर्ने संस्थामार्फत स्वदेश पठाउनुपर्छ ।
- करारबमोजिम सुविधा नपाई कामदार अलपत्र परी स्वदेश फर्काउन परेमा म्यानपावरले नै स्वदेश फर्काउनुपर्ने छ ।
- कामदारले भिसाको म्याद, करार अवधि र श्रम स्वीकृतिको म्याद सकिएपछि स्वदेश फर्कनुपर्दछ ।

# बुद्ध जयन्ती, स्वायाँ पून्ही, उभौली र चण्डेश्वरी जात्राको महत्व



■ पदम श्रेष्ठ

> चार आर्यसत्यलाई बुझिसकेपछि जन्मनु दुःख हो, वृद्धहुँदै जानु दुःख हो र रोगव्याधिले थला परी मृत्यु हुनु पनि दुःख हो भनी बुझिन्छ । दुःखको मूल कारण काम, क्रोध, लोभ, मोह र अहंकार अर्थात् तृष्णा हो । भगवान् बुद्धले दुःख मुक्तिको उपाय आर्य अष्टांगिक मार्ग भएको स्पष्ट पारेका छन् । अन्य धर्ममा दुःख मुक्ति ईश्वर भक्तिलाई छाडेको पाइन्छ । तर बुद्धले धनी, गरिब, बलियो, निर्धो सबैलाई समान देख्ने सम्यक दृष्टि अघि सारे । सबैसँग मीठो बोल्नु सम्यक वचन हो ।

नेपालमा चैत पूर्णिमालाई ल्हुती पून्ही, वैशाख पूर्णिमालाई स्वायाँ पून्ही र ज्येष्ठ पूर्णिमालाई नम्रा पून्हीका नाउँमा तीनपल्ट बुद्ध जयन्ती मनाइन्छ । उपत्यकामा थेरवादी, महायानी र बज्रयानी समुदायद्वारा छुट्टाछुट्टै समय पारेर बुद्ध जयन्ती मनाउने गरिन्छ । वैशाख पूर्णिमालाई बुद्ध जयन्तीका रूपमा मनाउने परम्परा श्रीलंका, थाइल्याण्ड, बर्मालगायतका थेरवादी देशको पात्रोअनुरूप नेपालमा भित्रिएको जेजिओ नेपालका गुरु राजेन्द्रमान बज्राचार्य बताउँछन् । विश्वमा प्रथम बुद्ध दिपंकरदेखि सिद्धार्थ बुद्धसम्म २८ जना महान बुद्ध भइसकेका छन् । ती बुद्धहरूमध्ये बज्रयानी परम्परानुसारको बुद्ध जयन्ती चैत महिनामा पर्ने ल्हुती पूर्णिमा अर्थात् बालाजुको बाइसधारामा नुहाउने मेलाको दिन मानिन्छ । महायानीहरू जेठ महिनामा पर्ने नम्रा पून्ही अर्थात् काभ्रेको महायानी गुम्बाहरूमा मनाइन्छ । तर महायानी, बज्रयानी र थेरवादी सबै सम्प्रदायअनुसारको बुद्धको सन्देश एउटै छ- शान्ति, अहिंसा र सदाचार ।

अन्य धर्मका धर्म गुरुहरूले सृष्टिकाबारे भगवान्लाई जिम्मा लगाएको पाइन्छ तर बुद्धले मात्र संसारको सृष्टि हेतुबाट भएको हो, कुनै पनि अदृश्य भगवान्ले बनाइदिएको होइन भनी सन्देश प्रवाह गरेको पाइन्छ ।

### पञ्चतत्वबाट सृष्टि भएको विश्वास

पञ्चतत्त्व (आकाश, वायु, अग्नि, जल र पृथ्वी)लाई हामी सुनेर, सुँघेर, स्वाद लिएर, देखेर र अनुभव स्पर्शद्वारा अनुभूति गर्न सक्छौं । पञ्चतत्त्वकै भोग इच्छाका कारण पाँच अंग नाक, कान, आँखा, छाला र शरीर उत्पत्ति भएको मानिन्छ । शरीरका प्वाल सबै आकाशको प्रतीक हो भने स्वर, प्राण, वायु, ताप, अग्नि हो । त्यस्तै रगत-पसिना भन्नाले पानी र हाड, मासु, नसा पृथ्वीको प्रतिकृति हो । शब्द, स्पर्श, रूप, रस र गन्धलाई पञ्चगुण मानिन्छ ।

यसरी हेर्दै जाँदा आकाश शून्यतामा उत्पन्न हुन्छ । अकाशमा वायु उत्पन्न हुन्छ । वायुले अग्नि, ताप र अग्निको कारण जल सृष्टि भयो । यी सबैको संयोजनबाट पृथ्वी र पृथ्वीका प्राणी सिर्जना भए । जसलाई बौद्धवादीहरू शून्यताबाट ब्रह्माण्डको सृष्टि भएको मान्दछन् । जुन सत्यलाई नेपालको कपिलवस्तुस्थित तिलौराकोट राजदरबार रहेको बेला इ.पू. ५२३ मा लुम्बिनीमा जन्मिएका गौतम बुद्धले बुद्धत्व प्राप्तिपछि विश्वसामु उजागर गरेका हुन् । यही सत्यलाई यसरी पनि व्याख्या गर्न सकिन्छ, पृथ्वी जलमा मिल्छ । जल अग्निले सुकाउँछ । अग्निलाई वायुले निभाउँछ र वायु आकाशमा हराउँछ । यसरी शून्यताबाट सिर्जित सृष्टि शून्यतामा नै बिलाएर जाने हुँदा बुद्ध शून्यवादमा आधारित वैज्ञानिक धर्म हो पनि भनिन्छ । बौद्ध गुरूहरू बुद्धधर्मलाई परनिर्भरताविरुद्धको शान्तिपूर्ण आन्दोलन हो जुन दुःख मुक्तिको उपाय भन्न रुचाउँछन् ।

बुद्धलाई बुझ्न संसारमा सबै प्राणी दुःखी छन् । दुःख उत्पन्नको कारण हुन्छ । जस्तोसुकै दुःखबाट मुक्त हुन सकिन्छ र दुःख मुक्तिको उपाय आर्य अष्टांगिक मार्ग हो । माथि चार सत्यलाई चतुरआर्य (चार आर्य) सत्य भनिन्छ र चतुरआर्य सत्यलाई बुझिसकेपछि जन्मनु दुःख हो, वृद्धहुँदै जानु दुःख हो र रोगव्याधिले थला परी मृत्यु हुनु पनि दुःख हो भनी बुझिन्छ । दुःखको मूल कारण काम, क्रोध, लोभ, मोह र अहंकार अर्थात् तृष्णा हो । भगवान् बुद्धले दुःख मुक्तिको उपाय आर्य अष्टांगिक मार्ग भएको स्पष्ट पारेका छन् । अन्य धर्ममा दुःख मुक्ति ईश्वर भक्तिलाई छाडेको पाइन्छ । तर बुद्धले धनी, गरिब, बलियो, निर्धो सबैलाई समान देख्ने सम्यक दृष्टि अघि सारे । सबैसँग मीठो बोल्नु सम्यक वचन हो ।

यसरी जीवन र जगत्बारे वैज्ञानिक, आत्मिक जागरण ल्याउने भगवान् बुद्धको जन्मसम्बोधी र महापरिनिर्वाण दिवस बुद्ध जयन्ती विश्वभर विविध कार्यक्रमका साथ मनाइन्छ । संयुक्त राष्ट्रसंघलेसमेत बिदा घोषणा गरी विश्वभर बुद्ध जयन्ती मनाइँदै छ । यसै दिन नेवार आदिवासीहरूले भने आ-आफ्ना पुर्खाको स्मरणमा प्राकृति पूजाका साथ भव्य चण्डेश्वरी जात्रा मनाइन्छ ।

### बनेपा ख्वत: चण्डेश्वरी जात्रा

नेपाल भाषामा त्यो पनि नेपाल नै हो भनिने बनेपामा प्रत्येक वर्ष बुद्ध जयन्तीको दिन चण्डेश्वरी अजिमाँको खटजात्रा हुने गर्दछ । चण्डीपूर्णिमा पनि भनिने यसदिन काभ्रेको ऐतिहासिक आठ नेवार बस्ती साँगा, ख्वपासी, नाला, धुलिखेल, श्रीखण्डपुर, चौकोट र पनौती एकसाथ जात्रामय बन्दछ ।

किराँतकालमा भुजुङ र तिव्बत मार्गको बस्ती भएबाट भोत भनिने बनेपाको चण्डेश्वरी जात्रा विशेष चर्चित छ । जुन जात्रा बनेपा नगरको ऐतिहासिक अष्टमातृका पीठमध्ये एउटा पीठ जगाउने जात्रा मानिन्छ । तर आख्यानुसार एक समय चण्डेश्वरी ललितपुरको बुंगद्यो रातो मच्छिन्द्रनाथको रथारोहण जात्रा हेर्न जाँदा ठूलो उत्पात गरी फर्किछन् । त्यसैले रातो मच्छिन्द्रनाथ चण्डेश्वरी जात्रा हेर्न बनेपा पुग्दा लाजले देवी चन्दनको रुखमा लुकी मरेको जस्तै गरी जात्रा अगाडि बढाएछन् । यही आख्यानको आधारमा चण्डेश्वरीको मृत्यु भइसक्यो भन्ने देखाउन जात्रामा कहाँ बाजा बजाउने, टोपी-जुत्ता नलगाउने र देवतालाई मृतकजस्तै उत्तानो पारेर लैजाने परम्परा बाँकी नै छ ।

### पलाञ्चोक भगवतीजात्रा

किवदन्तीअनुसार काभ्रे पलाञ्चोकको बुच्चाकोतका एक जना श्रेष्ठलाई सपनामा मलाई उत्तरतर्फ लानू भनी आदेश दिएछन् । अज्ञात कलाकारद्वारा निर्मित कालो ढुंगाको कलात्मक एक फिट अग्लो भगवतीलाई लैजाँदै गर्दा बीच बाटोमा देवता जानै मानेनछन् ।

जहाँ देवीलाई प्रतिष्ठापित गरी मखन बहालका वज्राचार्य पुजारी राखी जात्रा थालेको बताइन्छ । बुद्ध जयन्तीका दिन बनेपा चण्डेश्वरी जात्राको मूल पूजा भइरहँदा पलाञ्चोक भगवती जात्राका लागि द्यःछेबाट धामी काम्दै भगवतीलाई खटमा प्रतिष्ठापित गराइन्छ । बनेपा चण्डेश्वरी, नाला भगवती, धुलिखेल भगवती, नाक्साल भगवती, साँगा नासिका र शोभावती दिदी-बहिनी भएको कारण पलाञ्चोक भगवती जात्राअघि उल्लिखित देवस्थलबाट फूल-अक्षता र जल ल्याउने परम्परा छ । जल-प्रसादसँग बोका बलि दिई तीन दिनसम्म भव्य खटजात्रा हुने गर्दछ । भनिन्छ, विश्वप्रसिद्ध कलात्मक पलाञ्चोक भगवतीको मूर्ति बनाउने कलाकारले अन्य ठाउँमा त्यस्तो मूर्ति बनाउन नसकोस् भनी दायाँ हात काटिदिए । बायाँ हातले नक्साल भगवतीको मूर्ति बनाएपश्चात् त्यही बायाँ हात पनि काटिदिएपछि खुट्टाले धुलिखेल भगवती र शोभा भगवतीको मूर्ति तयार गरी कलाको दुनियाँमा नमूना प्रस्तुत गरेको भनाइ छ ।

### उभौली (चण्डी पूर्णिमा)

वसन्त ऋतु आरुको बोटमा फूल फुलिरहेको बेला, जब उत्तरी गोलार्द्धमा गर्मी सुरू हुन्छ, नेपालमा चैत पूर्णिमा ल्हुती पून्ही, वैशाख पूर्णिमा स्वायाँ पून्ही र ज्येष्ठ पूर्णिमा नम्रा पून्ही गरी तीनपल्ट बुद्ध जयन्ती मनाइन्छ । उपत्यकामा वज्राचार्य, शाक्य र तराईका थारुले चैत पूर्णिमालाई बुद्ध जयन्ती मनाउँछन् । वैशाख पूर्णिमामा बुद्ध जयन्ती मनाउने परम्परा श्रीलंका, थाइल्याण्ड, बर्मा थेरवादी देशको पात्रोअनुरूप भित्रिएको हो ।

भूमध्य सागरतिर कञ्याङकुरुङका बथान चोमोलोङ्मा (सागरमाथा) काटेर साइवेरियातर्फ लाग्दछ । ठीक त्यसै बेला किरात भूमिका राई लिम्बू, याक्खा, सुनुवारहरू धर्ती साह्रै शिथिल छ भन्ने ठानी किसान खेत पस्दैनन् । बरु साकेला नाच्न ढोल झ्याम्टा बोकेर फेङ्मा, लेक्पा र सुलुली मन्दिरमा पूजाका लागि लावालस्करसहित भेला हुन्छन् । वैशाख पूर्णिमा बुद्ध जयन्तीको बेला किरात समुदाय सुँगुर, गोरु, भेडा, राँगा आदि बलि दिएर उभौली मनाइरहेका हुन्छन् ।

किरात मूलतः मूर्ति पूजक होइनन् तर साकेला (उभौली) पर्वमा मूर्ति पूज्ने प्रथाबारे मुन्धुम धर्मशास्त्रले पृथ्वी उत्पत्तिसँग आख्यान जोडेको पाइन्छ । पृथ्वी उत्पत्तिसँगै लुगाका लागि सुम्निमाले तान बुनिरहेको ठाउँमा पारोहाङले अति राम्रो काँगियो (सुखुप) आकासबाट खसालिदिएछन् । खुसीले गद्गद् सुम्निमाले आवेगमा यति राम्रो काँगियो खसाल्नेसँगै विवाह गर्ने प्रतिज्ञा गरिन् । तत्काल बूढोको भेषमा देखिएका पारुहाङलाई देख्दा भने सुम्निमाले कुरूप बूढासँग विवाह नगर्ने बचन फेरिन् । सुम्निमालाई झुक्याएर पारुहाङले वीज खुवाइदिए, नभन्दै उनी गर्भवती भइन् । उक्त कुरा सुलुली युवकले सुम्निमालाई सुनाए, तत्काल सोच्दै नसोचि आफूले कसैसँग शारीरिक सम्पर्क नगरेको हुँदा गर्भ रही छोरी जन्मी भने तिमीसँग नै विवाह गरिदिउँला । नभन्दै फेङमा



नाउँकी छोरी त जन्मिइन् तर छोरीले लेक्पा नाउँका केटालाई मनपराउन थालिन् । सुम्निमाले धनु र तरवार युद्धमा जसले जित्छ उसैसँग फेङमा छोरीको विवाह गराइदिने घोषणा गरिन् । फेङमाका लागि लेक्पा र सलुलीबीचको युद्धमा लेक्पाको हत्या हुन्छ । आफ्ना प्रेमीको हत्यामा भावविह्वल फेङमा पनि सोही तरवारले सेरिएर आत्महत्या गर्छिन् भने सुलुलीको पनि हृदयघात भई देहान्त हुन पुग्दछ । यही आख्यानका आधारमा लेक्पा, फेङमा र सुलुली थानमा पूजा गर्न जाने परम्परा बसेको बताइन्छ । प्रत्येक वर्ष साकेला नाच्दा किराती पुर्खा सुम्निमा र पारुहाङका शिष्यबीच धनु तरवार युद्ध प्रतियोगिता हुँदै आइरहेको पाइन्छ ।

### चण्डी पूर्णिमा

वैशाख पूर्णिमादेखि झण्डै १५ दिनसम्म वर्षात् राम्रो भई अन्नपात सप्रियोस भनी कामना गर्दै साकेला उभौली नाचेर मनाइन्छ । किरातका ४२ भाषामध्ये वान्तवा भाषामा साकेला सिली, सम्पाङ भाषामा साकाल, थुलुङ भाषामा तोषी, खालिङ भाषामा भूमेपूजा, बाम्बूले भाषामा मानियो सिली, कुलुङ भाषामा साख्ले सिली, छिन्ताङ भाषामा वाधाङ्ग र नेपाल भाषामा चण्डीप्याखँ भनिने साकेला सिली पृथ्वीमा सृष्टि भएका सम्पूर्ण जिव युद्ध परम्परागत गतिविधि प्रदर्शन गर्दै नृत्य गर्ने गरिन्छ । चण्डी नाच अर्थात् साकेला सिलीबारे प्रचलित किंवदन्तीअनुसार पारुहाङ-सुम्निमाबीचको सम्बन्धबाट पहिलो मानिस, दोस्रो बाघ, तेस्रो भालु र चौथो बाँसको जन्म भयो । बच्चा हुर्कँदै जाँदा एक्लो सुम्निमालाई छोडेर पारुहाङ गायव भएछ । सिकार र कन्दमूल खोज्ने क्रममा सुन्निमाले ढुंगामाथि एक किसिमको लहरा फेला पारिन् । त्यो लहरा चाख्दा मनलाई सौर्यवान् वीर्यवान् प्रफूल्लित मनको कुरा पोख्न उत्प्रेरित गर्ने खालको गुण पाइन् । एकदिन अचानक घर आइपुगेका पारुहाङलाई सुम्निमाले त्यही बुटी खुवाइन् र बुटीको स्वभावअनुरूप हर्षविभोर पारुहाङले आफू स्वर्ग र नर्कको दुश्यावलोकन गर्ने चोमोलोङमामा (विश्वको सर्वोच्च शिखर सगरमाथा) ध्यानमा बसेको बताए । यसैबीच आफ्ना चार सन्तानलाई हुर्काएकोमा भावविभोर हुँदै पारुहाङ सुन्निमाका साथ नाच्न थाले । यस आख्यानको आधार पनि साकेला सिली नृत्यमा हुने गर्दछ ।

प्रकृतिवादी किरात (राई, लिम्बू, याख्खा, सुनुवार) मूलतः मूर्तिपूजक होइनन् । तर साकेला सिली (उभौली-उधौली)का दिन किन मूर्ति पूजा गर्छन् त भन्नेबारे पनि छुट्टै आख्यान पाइन्छन् । किंवदन्तीअनुसार दोलखाका किराती राजा बुद्धहाङ आफ्नो पुर्खाले गुमाएको नेपाल खाल्डो पुनः प्राप्त गर्ने आफ्ना सबै प्रजालाई स्थानीय टुँडिखेलामा भेला गराई कूलदेवता हेन्कुबुङको भव्य पूजा गर्दथे । मुन्धुम धर्मशास्त्रअनुसार पूजा क्रममा राजा बुद्धहाङलाई बहिनी सोइसोइलाले भृगु चराको प्वाखजति श्रीपेच पहिराइदिने गर्थिन् । यसै क्रममा एकपल्ट बहिनी सोइसोइला मासिक रक्तश्राप हुन पुगिछन् । लाज र ग्लानीवश श्रीपेच त्यही फचाँकी सोइसोइला जंगल पसिन् । आश्चर्यचकित जनसमुदायले 'कुम्भादो सोइसोइला, कुम्भादो' भन्दै बोलाउन थाले तर सोइसोइला फर्किनन् ।

भुइँमा खसेको श्रीपेच ढुंगामा परिणत हुन पुग्यो । तत्काल त्यहाँ दुई समूह देखापरे- दोलोको शक्ति सोइसोइलासँगै जंगल गयो भनी विश्वास गरी अड्डी कस्ने प्रकृतिपूजक लिम्बू कहलाए भने दोलोको शक्ति श्रीपेच खसेकै ढुंगामा छ भनी विश्वास गर्ने खम्बु (राई)का रूपमा प्रख्यात् भए । त्यसै बेलादेखि किरातीहरू चाडपर्वका बेला नाम्छोङ पुरोहितद्वारा चोखो शुद्ध रही पारुहाङ-सुम्निमाको प्रतीक दुई ढुंगा र बीचमा सानो लिंग उभ्याइ नाचगानसहित पूजा गर्ने परम्परा थालनी भएको हो ।

### साँखु वज्रयोगिनी र बिस्केट जात्रा

लिच्छवि राजा शिवदेवको पालामा किराँतीले आफ्नो गुमेको राज्य पुनः प्राप्त गर्न एक्कासि आक्रमण गरे । राजा अन्योलमा परेको देखेर राजपुरोहित शिवानन्द शर्माले वज्रयोगिनीको साधना गरी हजार हजार बाघको रूप धारण गर्दै किराँती सेनालाई लखेटेर पठाए । हेर्दाहेर्दै अजिंगर बनेका शिवानन्द ब्राह्मणलाई देख्नासाथ ब्राह्मणी डराएर श्रीमान्लाई हान्नुपर्ने चामल आफ्नै मुखमा राख्न पुगिन् र दुवै अजिंगर बने । लामो समयपछि आत्मग्लानिका कारण दुवैले आत्महत्या गरे । राष्ट्रलाई परेको बेला तन्त्रबलबाट योगदान पुऱ्याउने ती दुई अजिंगरको सम्झनामा राजा शिवदेवले नाग-नागिनीलाई जमिनभन्दा उच्च स्थानमा सार्वजनिक सम्मान गर्ने परम्परालाई नै बी-अजिंर, सिका मृत्युपछिको जात्रालाई बिसिका हुँदै छोटकरीमा बिस्का जात्रा भनिएको बताइन्छ । यही जात्रामा साँखुका रक्षकदेवी वज्रयोगिनी जात्रा प्रत्येक वर्ष चैत पूर्णिमाका दिन भव्यरूपमा मनाइने परम्परा रहेको छ ।



**साकेला नृत्य** | **किरात राई सांस्कृतिक कलाकार संघ खोटाङले यलेदोङ ५०८५ को अवसर पारेर शनिबार दिक्तेलमा आयोजना गरेको मुन्दुम सांस्कृतिक साँझमा साकेला नृत्य प्रस्तुत गर्दै बाल कलाकारहरू ।** *तस्बिर: केदार मगर/रासस*

# गर्मी बढेसँगै सर्पको बिगबिगी

**महोत्तरी–** वैशाख पहिलो साताको वर्षालगत्तै अचाक्ली गर्मी बढेसँगै महोत्तरीमा सर्पको बिगबिगी बढेको छ । वैशाखको हालसम्म ४७ सर्पदंशका बिरामीको उपचार गरिएको छ ।

बर्दिबास-३ गौरीडाँडास्थित सर्पदंश उपचार केन्द्रका उपचार टोली प्रमुख सैनिक प्राविधिक भोला चौधरीले वैशाख पहिलो सातामा दुई पटक वर्षा भएपछि त्यसयता गर्मी बढेसँगै सर्पदंशका घटना बढेका बताए । 'सर्पदंशका घटना सबै महिनामा धेरथोर हुन्छन्, यहाँ साउनमा बढी हुने गरेको पाइएको छ,' उनले भने ।

केन्द्र सञ्चालन भएयता विगत १० वर्षको तथ्यांकअनुसार साउनमा बढी पानी परेकाले सर्पको बिगबिगी पनि बढ्छ । यहाँ २०७१ साउन ३१ गते स्थानीयको पहलकदमीमा सर्पदंश उपचार केन्द्र स्थापना भएको हो । नेपाली सेनाको गौरीडाँडास्थित रेडियो नेपाल सुरक्षा वेसमा खटिएको नेपाली सेनाको क्याम्पले उपचारकार्यका लागि तालिम प्राप्त छ दक्ष प्राविधिकलाई केन्द्रमा खटाएको छ । व्यवस्थापन भने सर्पदंश उपचार केन्द्र बर्दिबासको कार्यसमितिले गर्दै आएको छ ।

बर्सेनि सर्पदंशबाट मानवीय क्षति बढ्दै गएपछि स्थानीयको पहलकदमीमा संस्था नै दर्ता गरेर उपचार प्रबन्ध थालिएको हो । 'प्रारम्भमै नेपाली सेनासँग उपचार गर्ने प्राविधिक टोली माग गर्‍यौं, सैनिक मुख्यालयले नै प्राविधिक टोली उपलब्ध गराउने प्रतिबद्धता जनाएपछि उपचार थालिएको हो,' केन्द्र सञ्चालनको व्यवस्थापन गर्ने कार्यसमितिका अध्यक्ष कृष्ण देवकोटा भन्छन्, 'प्रतिबद्धताअनुसार सेनाको साथ पाएपछि केन्द्रलाई व्यवस्थित गरेका छौं ।'

केन्द्रले २०७१ साउन ३१ यता हालसम्म ३१ हजार १४७ जनाको उपचार गरिसकेको छ । आर्थिक वर्ष २०८०/८१ सम्ममा ३० हजार ८४७ जनाको तथा चालु आव २०८१/८२ को हालसम्म ३०० जनाको केन्द्रले उपचार गरेको छ । वैशाख महिनाको हालसम्ममा मात्र ४७ जनाको उपचार गरिएको प्राविधिक टोली प्रमुख चौधरीले बताए ।

केन्द्रमा महोत्तरीका अतिरिक्त सिन्धुली, सर्लाही, धनुषा, रामेछापलगथायतका जिल्लाका सर्पदंशका बिरामी उपचार गर्न आउने गरेका छन् । केन्द्रले औषधि, कार्यालय सञ्चालन र व्यवस्थापनको चाँजोपाँजो मिलाउने र नेपाली सेनाले उपचार गर्ने दक्ष प्राविधिक टोली उपलब्ध गराएपछि उक्त सेवाले निरन्तरता पाउँदै आएको छ ।

'नजिकमा भरपर्दो उपचार पाएर नयाँ जीवन पाइयो,' गोमन सर्पले डसेर केन्द्रमा उपचार गराइरहेका गौशाला-१ रामनगरका ४२ वर्षीय सुरेशकुमार महतो भन्छन् । आर्थिक वर्ष २०८०/८१ मा ८८४, आव २०७९/८० मा ८७८, आव २०७८/७९ मा दुई हजार ९३१, आव २०७७/७८ मा चार हजार १९१, आव २०७६/७७ मा तीन हजार ९४७, आव २०७५/७६ मा तीन हजार ६४१, आव २०७४/७५ मा तीन हजार ५४२, आव २०७३/७४ मा तीन हजार ३९४, आव २०७२/७३ मा तीन हजार ३१० तथा आव २०७१/७२ मा तीन हजार १२८ सर्पदंशका बिरामीले उपचार लिएका केन्द्रले जनाएको छ । *रासस*

# सरस्वती आधारभूत विद्यालयमा 'इ-लर्निङ कक्ष'

**टक्सार (भोजपुर)–** भोजपुर नगरपालिका-८ पोखरेस्थित सरस्वती आधारभूत विद्यालयमा 'इ-लर्निङ कक्ष'सञ्चालनमा ल्याइएको छ । यसका लागि १० थान कम्प्युटर र आवश्यक उपकरण जडान गरिएको छ । पूर्वअर्थमन्त्री शंकरप्रसाद कोइराला संरक्षक रहेको ईश्वर मन्दिर काठमाडौं नामक संस्थाले आवश्यक कम्प्युटरसहितका सामग्री विद्यालयलाई सहयोग गरेको थियो ।

सो संस्थाले यहाँका डेढ दर्जन विद्यालयमा 'इ-लर्निङ कक्ष'का लागि कम्प्युटर, स्मार्ट टिभीलगायत आवश्यक सामग्री सहयोग गरिसकेको छ । किताबी ज्ञानभन्दा पनि समयानुकूल प्राविधिक शिक्षा पनि आवश्यक रहेकाले आफ्नो टिमले सामुदायिक विद्यालयमा इ-लर्निङ कक्ष स्थापनामा सामग्री सहयोग गर्दै आएको पूर्वअर्थमन्त्री कोइरालाले बताए । उनले यसबाट विद्यार्थी, शिक्षक कर्मचारीले पनि फाइदा लिनुपर्ने बताए ।

ईश्वर मन्दिरका अध्यक्ष प्रमेश केसीले गुणस्तरीय शिक्षाका लागि प्रविधिमैत्री बन्न आवश्यक रहेको र विद्यालयमा संस्थाले इ-लर्निङ सेन्टर स्थापनाका लागि गरेको सहयोगले सामुदायिक विद्यालयमा अध्ययरत विद्यार्थी पनि प्रविधिमैत्री र सक्षम हुने अपेक्षा व्यक्त गरे । इ-लर्निङ कक्षको दिगो र अधिकतम उपयोग गरेर गुणस्तरीय कम्प्युटर शिक्षा प्रदान गर्ने प्रतिबद्धता विद्यालयले जनाएको छ ।

ईश्वर मन्दिरका महासचिव संकेत कोइरालाले कम्प्युटरको ज्ञान नभई अघि बढ्न नसकिने भएकाले विद्यालयस्तरबाट नै यो अनिवार्य भएको बताए । उनले भने, 'कपी र पेन्सिलले मात्र प्रविधिको युगमा अगाडि बढ्न नसकिने भएकाले अनलाइन कक्षाका लागि पनि इ-लर्निङ कक्ष आवश्यक देखिएको छ ।' *रासस*


## Sunkoshi Rural Municipality
### Office of the Rural Municipal Executive
**Ramtar, Sindhuli**

**NOTICE FOR INVITATION OF BIDS**

**Date of publication: 2082/01/29**

1. The Sunkoshi Rural Municpality, Sindhuli invites sealed bids from eligible bidders for the Procurement of Works under bidding procedures specified in Public Procurement Act and Regulations.

| S. N. | Contract No. | Description of work | Estimated amount with VAT | Bid Security Amount Nrs. | Last Date of Bid Submission | Cost of Bid Document | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | SUNRM/SQ/ 21/081/082 | Construction of Picnic Spot at Nangedanda Siddhasthan Sahid Smritipark at Sunkoshi 05, Sindhuli | 17,53,346.51 | 45,000/- | 2082/02/13 12:00 Hours | Nrs. 1,000/- | Second Notice / Hard copy bid also accepted |

2. For hardcopy, a complete set of bidding documents in English may be purchased by the interested bidders upon submission of a written application attaching copies of the Bidders Registration, VAT Registration and Tax clearance certificates of F/Y 080/081 at Sunkoshi Rural Municipality, Ramtar, Sindhuli. Bidding documents can be purchased within the office hours of 2082/02/12 of bid publication.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents from e-GP System www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank :
   **Name of the Bank:- Rastriya Banijaya Bank, Ratamata Branch, Sindhuli**
   **Name of Office:- Sunkoshi Rural Municipality Office, Sindhuli**
   **Account no:- 1480100301010002**
   **Office Code no:- 801032508**
   **Revenue code no:- 14229**
4. The detailed information of the bid can be obtained from the Office of Rural Municipal Executive or studied respectively from www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**


# म्याग्दी पूर्णखोप सुनिश्चितता एवं दिगोपना जिल्ला घोषणा

**म्याग्दी (प्रस)–** म्याग्दी पूर्णखोप सुनिश्चितता एवं दिगोपना जिल्ला घोषणा भएको छ । आइतबार सदरमुकाम बेनीमा आयोजित एक समारोहबीच जिल्लालाई चालु आर्थिक वर्षमा गण्डकी प्रदेशमै पहिलो पूर्णखोप सुनिश्चितता एवं दिगोपना जिल्ला घोषणा गरिएको हो ।




स्वास्थ्यकर्मीहरूले गरेको घरधुरी सर्वेक्षणका क्रममा यहाँ १५ महिनामुनिका एक हजार २३५ जना बालबालिकाले नियमित खोप लगाइरहेको र अन्य सबै लक्षित उमेरका बालबालिकाले खोपको पूरा मात्रा लगाएको भेटिएपछि पूर्णखोप सुनिश्चितता जिल्ला घोषणा गरिएको प्रदेश स्वास्थ्य कार्यालय म्याग्दीका प्रमुख भुवन ठकुराठीले बताए ।

उनका अनुसार मंगला र रघुगंगा गाउँपालिकामा १६ महिनादेखि २७ महिनासम्मका ३६३ र मालिका, अन्नपूर्ण, धवलागिरि गाउँपलिका र बेनी नगरपालिकामा १६ महिनादेखि ५९ महिनासम्मका तीन हजार २८८ जना बालबालिकाले पूर्णखोप पाएका छन् । यसअघि जिल्लाका ४५ वडा र छ वटै स्थानीय तहमा बालबालिकाको विवरण संकलन र खोपको पूर्ण पहुँच पुऱ्याएर वडा र पालिकालाई पूर्णखोप सुनिश्चिता भएको घोषणा गरिएको थियो ।

जिल्लास्थित जनप्रतिनिधि, राजनीतिक दल, कर्मचारी, स्वास्थ्यकर्मीलगायतले आगामी दिनमासमेत यसको दिगोपना कायम राख्दै अगाडि बढ्न सहयोग गर्ने प्रतिबद्धता जनाए । कार्यक्रममा गण्डकी प्रदेश सरकारका पूर्वभौतिक पूर्वाधार तथा यातायात व्यवस्थामन्त्री रेशमबहादुर जुग्जालीले विभिन्न रोगबाट जोगाउने भएकाले हरेक बालबालिकामा पूरा मात्राको खोपको पहुँचलाई निरन्तर कायम राख्नुपर्ने बताए । उनले दिगो विकास लक्ष्य हासिल गर्न, बालमृत्युदर तथा अपांगताको दर घटाउन खोपले सहयोगी भूमिका खेलेको भन्दै खोपको पहुँच सुनिश्चित गर्न स्वास्थ्यकर्मी र महिला स्वयंसेविकाको भूमिका महत्त्वपूर्ण रहेको उल्लेख गरे ।

राष्ट्रिय खोप तालिकाअनुसार नेपालमा बालबालिकाले जन्मेपश्चात् पोलियो, दादुरा, हेपाटाइटिस, जापानिज इन्सेफ्लाइटिस, रुबेला, झाडापखाला, टाइफाइडलगायत रोगविरुद्ध १३ प्रकारका खोप लगाउने गर्छन् । कार्यक्रममा खोप अभियानमा महत्त्वपूर्ण योगदान पुऱ्याएकामा सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका, स्वास्थ्यचौकी, स्थानीय तहका स्वास्थ्य शाखालाई सम्मान गरिएको थियो । गण्डकी प्रदेश खोप समन्वय समितिका तर्फबाट म्याग्दीलाई पूर्णखोप सुनिश्चितता तथा दिगोपना कायम गरिएको प्रमाणपत्र प्रदान गरियो । प्रदेशसभा सदस्य जुग्जालीमार्फत जिल्ला खोप समन्वय समितिका प्रमुख एवं जिल्ला समन्वय समितिकी कार्यवाहक प्रमुख डिलकुमारी खत्रीलाई प्रमाणपत्र प्रदान गरिएको थियो ।

यस जिल्लामा एउटा जिल्लास्तरीय अस्पताल, एउटा आधारभूत अस्पताल, ३९ स्वास्थ्यचौकी, चार सहरी स्वास्थ्य केन्द्र, ३० सामुदायिक स्वास्थ्य एकाइ, १०७ खोप केन्द्र, ६८ गाउँघर क्लिनिक रहेका छन् । यसअघि विसं २०७१ चैत १५ गते म्याग्दीलाई नेपालकै छैटौं पूर्णखोप सुनिश्चित जिल्ला घोषणा गरिएको थियो ।


**Land Reform and Land Revenue Office, Dillibazar, Kathmandu**

**INVITATION FOR ELECTRONIC SEALED QUOTATION**

**Date of Publication: 12th May 2025**

| S. N | IFB No | Name of Project and Contract ID | Bid Document Fee (NRs) | Bid Security Amount (NRs) | Bid Validity Period | Bid Security Validity Period | Last date of bid submission | Bid opening date |
|---|---|---|---|---|---|---|---|---|
| 1 | LRLR/ GOODS/S Q/8182 | Supply,Delivery and Installation of Furniture and Fixtures,Contract ID:(LRLR/GOODS/SQ/8182/FURNIT URE) | 1000/- | 50000/- | 45 days | 75 days | 27th May 2025 (12:00 PM) | 27th May 2025 (1:00 AM) |
| 2 | | Supply,Installation,Testing and Commissioning of UPS,Contract ID:(LRLR/GOODS/SQ/8182/UPS) | 1000/- | 50000/- | 45 days | 75 days | 27th May 2025 (12:00 PM) | 27th May 2025 (1:00 AM) |

## सोलुदुधकुण्ड नगरपालिका
༄༅། །ཤོད་རོང་ངོ་མའི་མཚོའི་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།
**नगर कार्यपालिकाको कार्यालय**
**सल्लेरी, सोलुखुम्बु**
**कोशी प्रदेश, नेपाल**

**नदिजन्य पदार्थको वढावढद्वारा विक्री सम्वन्धी सूचना**

***प्रथम पटक प्रकाशित मिति :- २०८२/०१/२९***

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को परिच्छेद ३ को दफा ११ (घ) को उपदफा (६) अनुसार यस नगरपालिकाको अधिकार क्षेत्रभित्र रहेको सोलुदुधकुण्ड नगरपालिका वडा नं २, स्थित बेनी खोलाको बेनी हाइड्रो पावरको ड्याम साइट व्यवस्थापन गर्ने क्रममा संकलन गरि घाटगद्धी गरिएको ढुङ्गा, गिट्टी, वालुवा आदि एकमुष्ट विक्रि वितरण गर्ने कार्यका लागि देहाय वमोजिमको परिमाणको न्यूनतम कवोल अंकलाई आधार मानी वढावढको माध्यमवाट विक्री वितरणका लागि यो सूचना आव्हान गरिएको छ । सामग्री लिन ईच्छुक ढुङ्गा, गिट्टी, वालुवा आदिको कारोवार गर्ने गरी ईजाजत प्राप्त फर्म वा कम्पनीहरुले नवीकरण भएको प्रमाण पत्र, मूल्य अभिवृद्धि कर प्रमाण पत्र र आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी वोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । साथै वोलपत्र खरीद गर्दा सोलुदुधकुण्ड नगरपालिकाको रा.वा. वैंक, सल्लेरी शाखामा रहेको राजश्व खाता नं. २०२०१००३०१०१०००५ र धरौटी खाता नं. २०२०१००३०३००००००५ मा देहाय वमोजिमको टेण्डर दस्तुर/धरौटी वापतको रकम दाखिला गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ । यस नगरपालिकाको वेभसाइट **www.solududhkundamun.gov.np** मा गई यस विषयमा विस्तृत जानकारी लिन सक्नु हुनेछ ।

**तपसील :**

| ठेक्का नं | कुल परिमाण (घ.मी.) | न्यूनतम कवोल अंक रु. कर सहित | धरौटी रकम रू. | टेण्डर फाराम दस्तुर रू. | कैफियत |
|---|---|---|---|---|---|
| ७-०८१/०८२ | ५४७८.४५ | ३३,०७,५००.०० | ३,३०,७५०.०० | ३,०००.०० | |
| कुल जम्मा | | ३३,०७,५००.०० | | | |

## Pipra Rural Municipality
### Office of The Rural Municipality Executive
**Pipra, Mahottari**
**Madhesh Provance**

**Invitation For E-Bid**

**Date of First Publication: 2082/01/29(2025/05/12)**

**Pipra Rural Municipality, pipra Mahottari,** invites Electronic Bid From eligible bidders for following works under National Competitive Bidding.All other information and Bid Documents can be download from PPMO website www.bolpatra.gov.np/egp.Eligible Requested to submit E-Bid with the required document with in the period Mentioned in E-Bid Document.

| S. N. | Contract No: | Description of Work | Estimated Cost (with VAT &PS) | Min Bid Security NRs. | Price of Bid Document NRs. |
|---|---|---|---|---|---|
| 1 | PRM/NCB/ W/81/82/03 | Industrial infrastructure for Women Empowerment | 16687521.52 | 400000.00 | 3000.00 |

**Chief Admin officer**

# प्रभाव दैनिक

रूपशाला


## काशीनाथ-हरिप्रिया कट्टेल वाङ्मय पुरस्कार

पण्डित काशीनाथ उपाध्याय कट्टेल र उनकी धर्मपत्नी हरिप्रिया कट्टेलको स्मृतिमा स्थापना भएको पण्डित काशीनाथ उपाध्याय-हरिप्रिया कट्टेल वाङ्मय प्रतिष्ठानले तीन जना स्रस्टा र दुई संस्थालाई पुरस्कारसहित सम्मान गरेको छ । शनिबार आयोजित कार्यक्रममा प्रा.डा. हेमांगराज अधिकारी र प्रा.डा. दीर्घराज घिमिरेलाई वाङ्मय पुरस्कार र धनकुटाको विश्रान्तिधाम संस्कृत गुरूकुल र पिण्डेश्वर विद्यापीठ धरानस्थित दुई छात्रलाई सम्मान गरेको हो । हरिप्रिया कट्टेल प्रतिभा पुरस्कार साहित्यकार मुना अर्याललाई प्रदान गरिएको छ ।





# डिजिटल कुलतबाट बचाउन हेर्नैपर्ने चलचित्र ‘झिल्को’

■ भेषराज कार्की

**काठमाडौं–** जसरी सानो ‘झिल्को’ले ठूलो आगलागी निम्त्याउन सक्छ, त्यसरी नै डिजिटल कुलतको सानो लतले व्यक्ति, समाज र परिवारमा गम्भीर असर पार्न सक्छ । ‘झिल्को’ चलचित्र यही यथार्थमा आधारित छ । यसले डिजिटल कुलतको सुक्ष्म रूप र त्यसले पार्ने प्रभावलाई मार्मिक ढंगले प्रस्तुत गरेको छ । आज मोबाइल हाम्रो जीवनको अभिन्न अंग बनिसकेको छ । एक समय सम्पर्कको माध्यममात्र रहेको मोबाइल अहिले हाम्रो जीवनशैलीलाई नै निर्देशित गर्ने शक्तिशाली औजार बनेको छ । दु:खको कुरा, यसको कुलतमा बालबालिका पनि फस्दै गइरहेका छन् । ‘झिल्को’ले यही ज्वलन्त समस्यालाई उजागर गरेको छ ।

निर्देशक यादव भट्टराईले बालबालिकामा बढ्दो डिजिटल कुलतको गम्भीर समस्यालाई चलचित्र ‘झिल्को’मार्फत उजागर गरेका छन् । आजभोलि खाना खानुभन्दा अगाडि मोबाइल चलाउने, अनलाइन गेम खेल्ने र युटचुबमा ‘भिडियो’हरू हेर्ने बानी बालबालिकाका लागि सामान्यजस्तै भइसकेको छ ।

चलचित्रमा यिनै विषयवस्तु र त्यसले पार्ने नकारात्मक असरलाई कलात्मक रूपमा प्रस्तुत गरिएको छ । यस चलचित्रमा आयुषी ढकाल, विशाल पोखरेल, वर्षा सिवाकोटी र सुनिल पोखरेलजस्ता कलाकारले सशक्त अभिनय गरेको छ, जसले कथालाई जीवन्त बनाएको छ ।

अभिभावकहरूले पनि बालबालिकाको मोबाइल प्रयोगलाई सामान्य ठानेर बेवास्ता गर्दा भविष्यमा यसले कस्तो गम्भीर रूप लिन सक्छ भन्ने कुरा ‘झिल्को’ चलचित्रले चित्रण गरेको छ । चलचित्रमा एक पत्रकारको सुखी र खुसी परिवारको कथा छ, जहाँ उनको श्रीमती र छोरी छिन् । तर, यही सुखी परिवारमा डिजिटल कुलतको सानो ‘झिल्को’ कसरी सल्किन्छ र त्यसले कस्तो असर पुर्याउँछ भन्ने कुरालाई चलचित्रमा मार्मिक ढंगले प्रस्तुत गरिएको छ । यसले समयमै सचेत नभए परिवारमा आउनसक्ने सम्भावित खतरालाई उजागर गर्छ ।

> चलचित्र ‘झिल्को’ वैशाख १९ गतेबाट देशभर प्रदर्शन भइरहेको छ । उक्त चलचित्रले विशेषगरी डिजिटल कुलतका कारण र त्यसले निम्त्याउने नकारात्मक असरलाई उजागर गरेको छ । यही कारणले पनि अभिभावकले आफ्ना बालबालिकालाई यो चलचित्र देखाउन चलचित्र भवनसम्म पुग्नु आवश्यक छ ।

प्रविधिमैत्री यो समयमा डिजिटल कुलतबाट आफू जोगिनु र आफ्ना बालबालिकालाई जोगाउनु एउटा ठूलो चुनौती बनेको छ । सुरूमा सामान्य लाग्ने यो लतले भविष्यमा परिवारमात्र नभई सामाजिक सम्बन्धमासमेत नकारात्मक असर पार्न सक्छ भन्ने कुरा ‘झिल्को’ चलचित्रले स्पष्ट रूपमा देखाएको छ । टेलिशृंखलाबाट चलचित्रमा प्रवेश गरेका अभिनेता पोखरेलले यस चलचित्रमा काम गर्दा आफूले डिजिटल कुलतजस्तो महत्त्वपूर्ण विषयमा नयाँ ज्ञान प्राप्त गरेको बताए ।



‘अहिले मैले आफूलाई डिजिटल कुलतबाट केही भए पनि बाहिर ल्याउन सकेको जस्तो लागेको छ । यो चलचित्रमा अभिनय गर्नु अगाडि र अहिलेको सोचमा निकै परिवर्तन आएको छ । यसबाट हामीभन्दा नयाँ पुस्ता र विशेषगरी बालबालिकालाई बचाउनु जरूरी छ । म आफैंले पनि पछिल्लो समय दैनिकीमा परिवर्तन ल्याएको छु,’ उनले भने ।

अभिनयको सुरू समयमा अभिनेता पोखरेलले ‘जीवनचक्र’ जस्तो स्वास्थ्य विषयमा आधारित टेलिशृंखलामा काम गरेका थिए । तर, डिजिटल कुलतको विषयमा उनलेसमेत बुझेका रहनेछन् । टेलिशृंखलासँगै केही चलचित्रमा काम गरिसकेका अभिनेता पोखरेललाई निर्देशक यादव भट्टराईसँग भेट्ने प्रस्ताव आयो । अभिनेता पोखरेल भने सानो पर्दा अर्थात् टेलिशृंखलामा काम नगर्ने सोचका साथ भेट्ने उद्देश्यले मात्र पुगे ।

‘मलाई टेलिशृंखला वा आफू देखिनमात्र काम गर्नु थिएन । किनकि मैले धेरै काम गरिसकेको थिएँ । तर, निर्देशक भट्टराईले डिजिटल कुलतको विषयमा चर्चा गर्नुभएपछि म नै उक्त विषयमा सोच्न बाध्य भएँ । किनकि यस्तो विषयलाई अनुसन्धान गरेर चलचित्रमा ल्याइएको छैन,’ अभिनेता पोखरेलले भने ।

नेपालमा पछिल्लो समय सामाजिक सञ्जाल प्रयोगकर्ता बढेका छन् । मोबाइल चलाउनु दैनिकीको हिस्सा बनिसकेको छ । अहिले सामाजिक सञ्जालमा ‘झिल्को’ बनेर फैलिने खबरले न्यायालयभन्दा अगाडि फैसला सुनाइसक्छ । एउटा सानो श्रव्यदृश्य वा कसैले केही लेखेकै भरमा डिजिटल माध्यमले मानिसलाई गर्ने असरलाई पनि चलचित्रले समेटेको छ । यी सबको विषयमा जानकारी पाएपछि अभिनेता पोखरेलले आफैं सामाजिक सञ्जालमा उपस्थिति कम गरे । आफ्नो घरमा बच्चालाई डिजिटल उपकरणसँग निकै कम पहुँच दिन थाले । यसले विस्तारै आएको परिवर्तनलाई उनले महसुस गरेका छन् ।

‘अहिले मेरो घरमा राति सुत्ने बेलामा लगभग ११ बजे ‘वाइफाइ राउटर’ बन्द हुन्छ । त्यो बिहानमात्र खुल्छ । मैले सुरूमा बच्चालाई मनाउन कठिनाइको सामना गर्नुपरे पनि विस्तारै उनीहरूको दिनचर्या र शैलीमा परिवर्तन आउन थालेको छ । यो चलचित्रको उद्देश्य ‘भर्चुअल संसार’ बाट बाहिर निकालेर वास्तविक संसारमा रमाउन सिकाउनु हो । यसका लागि बालबालिकामात्र दोषी छैनन् किनकि उनीहरूलाई मोबाइलको पहुँच दिलाउने हामी अभिभावक नै हौं,’ अभिनेता पोखरेलले भने ।

कोभिड-१९ का कारण भएको बन्दाबन्दीमा बालबालिकाले प्रविधिको सहायताले कक्षा लिए । ‘अनलाइन क्लास’का कारण धेरै बालबालिकासम्म मोबाइल पुग्यो । तर, त्यसबाट फिर्ता ल्याउन वा मोबाइलको लत छुटाउन अभिभावकले ध्यान दिएनन् । जसकारण त्यो विस्तारै लतमा परिणत भएको बुझाई अभिनेता पोखरेलले सुनाए ।

मिडिया फर कल्चर प्रालिको निर्माणमा तयार भएको चलचित्र ‘झिल्को’ वैशाख १९ गतेबाट देशभर प्रदर्शन भइरहेको छ । उक्त चलचित्रमा निर्देशक भट्टराईसँगै अरूणदेव जोशी र देव व्रतले कथा लेखनको काम गरेका छन् ।

‘झिल्को’ चलचित्रले विशेषगरी डिजिटल कुलतका कारण र त्यसले निम्त्याउने नकारात्मक असरलाई उजागर गरेको छ । यही कारणले पनि अभिभावकले आफ्ना बालबालिकालाई यो चलचित्र देखाउन चलचित्र भवनसम्म पुग्नु आवश्यक छ । के थाहा, चलचित्रमा देखाइएजस्तै डिजिटल कुलतको सानो ‘झिल्को’ कतै तपाईंको परिवारमा त पनि सल्किरहेको छैन ? यो चलचित्रले समयमै सचेत हुन र आवश्यक कदम चाल्न प्रेरित गर्छ । *रासस*



# जुम्ला-रारा अल्ट्रा म्याराथनको उपाधि कुँवर र बुढालाई

■ प्रभाव संवाददाता

**जुम्ला–** जुम्ला-रारा अल्ट्रा म्याराथनको उपाधि दलबहादुर कुँवरले जितेका छन् । सदरमुकाम खलंगाबजारबाट सुरु भएको प्रतियोगितामा तातोपानी गाउँपालिका-७ का कुँवर पहिलो भएको आयोजकले जनाएको छ ।

कूल ५१ किलोमिटर लामो दूरी कुँवरले पाँच घण्टा ५३ मिनेट १७ सेकेण्डमा पूरा गरे । दोस्रो भएका त्रिभुवन आर्मी क्लबका होमलाल श्रेष्ठले उक्त दूरी छ घण्टा सात मिनेट ५५ सेकेण्डमा र तेस्रो भएका सोमबहादुर रावतले छ घण्टा १० मिनेट चार सेकेण्डमा दौड पूरा गरेको कर्णाली स्पोर्टस क्लब जुम्लाका अध्यक्ष सरोज शाहीले जानकारी दिए ।





महिलातर्फ सात घण्टा ५१ मिनेट ३२ सेकेण्डमा दूरी पूरा गरी कल्पना बुढा विजयी भइन् । दोस्रो भएकी राज्यलक्ष्मी रावलले आठ घण्टा ४८ मिनेट ४१ सेकेण्ड र तेस्रो भएकी सन्दिभा बुढाले आठ घण्टा ४६ मिनेट दुई सेकेण्डमा दौड पूरा गरे ।

अल्ट्रा म्याराथनका पुरुष र महिला दुवैतर्फको उपाधि विजेताले एक लाख रूपैयाँ, प्रमाणपत्र र पदक प्राप्त गरे । दोस्रो र तेस्रो हुनेले क्रमश: ७५ हजार रूपैयाँ र ५० हजार रूपैयाँ, प्रमाणपत्र र पदक प्राप्त गरेको क्लबका अध्यक्ष शाहीले जानकारी दिए ।

म्याराथनतर्फ १० किलोमिटरको दौडमा पुरुषतर्फ हरि बोहोरा पहिलो, दीपेन्द्र बुढा दोस्रो र महेन्द्र कठायत तेस्रो भए । १० किलोमिटरको दौडमा महिलातर्फ संगीता बुढा पहिलो, सुरेशा बुढा दोस्रो र हिमाली भण्डारी तेस्रो भए ।

पाँच किलोमिटरको दौडमा पुरुषतर्फ पदमराज धिताल पहिलो, नवीन चौधरी दोस्रो र सरोज कटुवाल तेस्रो भएको क्लबले जनाएको छ । यस वर्षको दौडमा स्वदेशी तथा विदेशी गरी ५९१ जना धावक सहभागी भएका थिए । साहसिक खेल पर्यटनको विकासका लागि प्रत्येक वर्ष जुम्ला-रारा अल्ट्रा म्याराथनको प्रतियोगिता हुँदै आएको छ ।

# प्रधानसेनापति राष्ट्रिय टेनिस प्रतियोगिताका विजेता पुरस्कृत





**काठमाडौं (प्रस)–** प्रधानसेनापति अशोकराज सिग्देलले यस वर्षको ‘प्रधानसेनापति राष्ट्रिय टेनिस प्रतियोगिता २०८२’ का विजयी क्लब र खेलाडीलाई नगद पुरस्कार प्रदान गरेका छन् ।

जंगीअड्डा परिसरमा यही वैशाख २१ देखि सञ्चालित उक्त प्रतियोगितामा क्लबतर्फ त्रिभुवन आर्मी क्लब प्रथम, काठमाडौं लन टेनिस एसोसिएन द्वितीय र नेपाल टेनिस एसोसिएसन तृतीय भएका छन् ।

प्रतियोगितामा महिला व्यक्तिगततर्फ सिभाली गुरुङ, स्वस्तिका विष्ट तथा सुनिरा थापा र प्रकृति श्रेष्ठ क्रमशः पहिलो, दोस्रो र तेस्रो तथा पुरुषतर्फ प्रदीप खड्का प्रथम, आरभसम्राट हाडा द्वितीय तथा निशान श्रेष्ठ र प्रणव मानन्धर तृतीय भए ।

खुला तथा भेट्रान्सतर्फ १२ विधामा खेल भएका थिए । प्रतियोगितामा नौ क्लबका १५ महिलासहित १९६ जना सहभागी थिए । नेपाल टेनिस संघको प्राविधिक सहयोगमा प्रतियोगिता आयोजना भएको हो ।

# पिएम कप भलिबल पोखरामा हुने

**काठमाडौं (प्रस)–** नेपाल भलिबल संघको आयोजनामा हुने पिएम कप एनभिए महिला तथा पुरुष भलिबल लिग यसपटक पोखरामा हुने भएको छ ।

प्रतियोगिता आगामी जेठ ८ देखि १५ गतेसम्म पोखरा रंगशालास्थित बहुउद्देश्यीय कभर्डहलमा हुने जानकारी दिइएको छ । नियमितरूपमा प्रतियोगिता हुँदै आएको काठमाडौंको दशरथ रंगशालास्थित कभर्डहलको मर्मत कार्य भइरहेकाले यसपटक प्रतियोगिता पोखरामा गर्न लागिएको हो ।

लिगमा महिलातर्फ छ र पुरूषतर्फ आठ टोलीले प्रतिस्पर्धा गर्ने छन् । पुरूषतर्फ हेल्प नेपाल स्पोर्टस् क्लब, नेपाल एपिएफ क्लब, त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, कोशी प्रदेश, गण्डकी प्रदेश, सुदूरपश्चिम प्रदेश र मणिमुकुन्द भलिबल क्लबले प्रतिस्पर्धा गर्ने छन् ।

त्यस्तै महिलातर्फ नेपाल एपिएफ क्लब, त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, टिपटप न्यु डायमण्ड युथ स्पोर्टस क्लब, एभरेस्ट भलिबल क्लब र कर्णाली प्रदेशले खेल्ने छन् ।

दुवैतर्फका विजेता टोलीले आठ लाख रूपैयाँ, उपविजेताले चार लाख रूपैयाँ र तेस्रो हुने टोलीले दुई लाख रूपैयाँ प्राप्त गर्ने छन् । सर्वोत्कृष्ट खेलाडीले ५० हजार रूपैयाँ पाउँदा विधागत उत्कृष्टमा २५-२५ हजार रूपैयाँ राखिएको छ । लिग विजेता टोलीले नेपालको प्रतिनिधित्व गर्दै काभाको च्याम्पियन्स लिगमा प्रतिस्पर्धा गर्ने छन् । प्रतियोगितामा हरेक टिमले तीन विदेशी खेलाडी खेलाउन पाउने प्रावधान रहेको छ ।


**युएइमा रोजगार** कम्पनी : KENWEL ELECTRICALS TRADING CO L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०१/२६ | LT. No. 323386 | चलानी नं. ६०२३७५७७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Stevedore/Lasher | 2 | 0 | 1000 | ३७,१५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ ५ गते (19th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1200/073/74

APEX H.R. CONSULTANCY PVT. LTD.(FUTURE SKILLS H.R. CONSULTANCY PVT.LTD.)
Sinamangal-9, Kathmandu, Nepal, Tel.: +977-1-5920245, 5920245
E-mail: info@apexhr.com.np, Website: www.apexhr.com.np

**साउदीमा रोजगार** कम्पनी : Plant Tech Arabia Co. Ltd.

पूर्व स्वीकृति मिति : २०८२/०१/२८ | LT. No. 323528 | चलानी नं. ६०२३७५७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Boiler insulatio worker | 80 | 0 | 1200 | ४३,६६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Car Driver | 6 | 0 | 1600 | ५८,२२० | | | | | | | |
| 3 | Forklift Driver | 4 | 0 | 2500 | ९०,९७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ ५ गते (19th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १५०/०५६/५७

HYHIRE INTERNATIONAL PVT. LTD.
(EAST WEST OVERSEAS SERVICE PVT. LTD)
Sinamangal-9,Tinkune, Kathmandu, BAGMATI, Tel: +977-01-4481308

**कुवेतमा रोजगार** कम्पनी : Mark and Save Trading Company

पूर्व स्वीकृति मिति : २०८१/०९/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/२८ | LT. No. 316775 | चलानी नं. ६०२३१०३२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
